# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ३४ पूर्णाङ्क ८३ | २०७४ फागुन १४ गते सोमबार | Monday, February 26, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## 'गिरफ्तार नेता कार्यकर्तालाई अविलम्ब रिहा गर'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले एक प्रेश वक्तब्य जारी गर्दै नेकपाका स्थायी समिति सदस्य हेमन्त प्रकाश ओली 'सुदर्शन', पिबिएम पदम राई लगायतका गिरफ्तार नेता कार्यकर्ताहरूको अविलम्ब रिहाईको माग गर्नु भएको छ ।

युवा मोर्चाको शान्तिपूर्ण रूपमा आयोजित सम्मेलनमा आफूलाई वाम तथा कम्युनिस्ट बताउने सरकारद्वारा गरिएको प्रहरी हस्तक्षेपलाई फासिवादी हस्तक्षेपको संज्ञा दिंदै क्रान्तिकारी माओवादीले सरकारी दमन तथा गिरफ्तारीको कडा विरोध, निन्दा एवम् भर्त्सना गरेको छ ।

फागुन ७ मा जारी उक्त वक्तब्यमा भनिएको छ ँयही २०७४ फागुन ६ गते नेकपाको भातृ संगठन युवा मोर्चाले विराटनगरमा आयोजना गरेको राष्ट्रिय सम्मेलनको उद्धाटन कार्यक्रममा नेपाल सरकारद्वारा सशस्त्र ...बाँकी ७ पेजमा

# 'माओवादी केन्द्र' एमालेमा विलय



● वर्गदृष्टि संवाददाता

काठमाडौं । प्रधानमन्त्री खड्गप्रसाद ओलीको सरकारी निवास बालुवाटारमा सोमबार राती माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, रामबहादुर थापा बादल र नारायणकाजी श्रेष्ठले माओवादी केन्द्रलाई एमालेमा विलय गराउने सात बुँदे सहमतिमा हस्ताक्षर गरे । पार्टीको पदथप्रदर्शक सिद्धान्त र पार्टीको राजनीतिक कार्यक्रम छाडेर पार्टी एकताको नाममा माओवादी केन्द्र एमालेमा विलय हुन पुगेको हो । सात बुँदे सहमति अनुसार एमालेको पथप्रदर्शक सिद्धान्त 'मार्क्सवाद-लेनिनवाद' मात्र मान्न तयार भएर माके घुमाउरो रूपमा एमालेको 'जनताको बहुदलीय जनवाद'लाई स्वीकार्न पुगेको छ । दशवर्षे जनयुद्ध, महान् बलिदान, क्रान्ति र परिवर्तनका सबै मुद्दाहरूलाई कुल्चदै आफैले 'प्रतिक्रियावादी र संशोधनवादी गद्दार गुट' करार गरेको एमालेमा माके विलिन हुन पुगेको हो ।

प्रचण्डले 'प्रतिक्रियावादी सत्ताको कुर्सीका निमित्त भारतीय विस्तारवादको नाङ्गो दलाल बनेर महाकालीमा निर्लज्जतापूर्वक राष्ट्रघात गर्न पुगेको यही संशोधनवादी गद्दार एमाले गुट नै हो, जसले गतसाल सत्ताको हिस्सेदार बनेर जनयुद्धका विरुद्ध कथित आतंकवाद विरोधी कानुन बनाउने र सेना परिचालन गर्ने कुरामा सबैभन्दा बढी कसरत गरेको थियो ।' भनेर 'नेपाली क्रान्तिका समस्याहरू, भाग ३ पृ. १६८ मा लेखेका थिए । आज आएर त्यही प्रतिक्रियावादी सत्ताको कुर्सीका लागि संशोधनवादी गद्दार गुट एमालेमा प्रचण्ड र उनी नेतृत्वको पार्टी विलिन हुन पुगेका छन् ।

यस परिघटनालाई कम्युनिष्ट क्रान्तिकारी माओवादीहरूले माओवादी केन्द्रको सैद्धान्तिक तथा राजनीतिक पतन, दक्षिणपन्थी संशोधनवादको पराकाष्ठा र पश्चगामी यात्राका रूपमा लिएका छन् । क्रान्तिकारी माओवादीका महासविच कमरेड किरणले माकेको एमालेमा विलयसँगै उसको माओवाद तथा वैज्ञानिक समाजवादसित सबै सम्बन्ध तोडिएको टिप्पणी गर्नुभएको छ । माओवादी केन्द्र एमालेमा विलिन हुन पुगेको स्थितिमा हिंजोका माओवादी केन्द्रका ती नेताहरूको माओवाद र जनयुद्धको इतिहाससित पनि सम्बन्ध -बिच्छेद हुन गएको उहाँले वर्गदृष्टिमा लेखिएको आफ्नो लेखमा टिप्पणी गर्नुभएको छ ।

माओवादी केन्द्रका विद्रोही नेता गोपाल किरातीले एक वक्तव्य जारी गर्दै भनेका छन्, 'महान् जनयुद्ध र अमर सहिदहरूको अपमान गरी माओवादी कम्युनिष्ट आन्दोलन समाप्त पार्ने पुष्पकमल दाहाल एण्ड कम्पनीद्वारा घटित 'दक्षिणपन्थी काण्ड'को भण्डाफोर गर्दै नेकपा (माओवादी केन्द्र) महाधिवेशन समूह त्यस काण्डमा संलग्न नरहेको स्पष्ट गर्छ ।' उनले माओवादी केन्द्रका क्रान्तिकारी नेता कार्यकर्ताहरूलाई विद्रोहका निम्ति पनि आव्हान गरेका छन् ।

विद्रोही नेता लोकेन्द्र विष्टले माकेको एमालेकरणले सच्चा कम्युनिष्ट क्रान्तिकारी माओवादीलाई गोलबन्द गर्न मैदान खाली गरेको टिप्पणी गर्दै त्यस दिशामा पहल गर्न सबैलाई आव्हान गरेका छन् ।

माओवादी केन्द्रका चर्चित पूर्व विद्यार्थी नेता जागृत रायमाझीले सात बुँदे हस्ताक्षरप्रति आफ्नो फेसबुक पेजमा टिप्पणी गर्दै भनेका छन्, 'यो पार्टी एकता ...बाँकी ८ पेजमा

## सहिद सप्ताहको अवसरमा काभ्रेमा संयुक्त सम्मान कार्यक्रम

काभ्रे । सहिद सप्ताहको सुरुको दिन अर्थात् आज काभ्रेको चौरी देउराली-५, पाटी चौरमा नेकपा (क्रान्तिकारी माओवादी) र नेकपाले संयुक्त रूपमा सहिद तथा व्यपत्ता योद्धा परिवार र घाइते योद्धा सम्मान कार्यक्रम राखेका छन् ।

जिल्लाका जनयुद्धका शहीदहरू यानप्रसाद गौतम (आलोक), तिर्थ गौतम, कृष्ण बहादुर विष्ट (रसकमल), चक्र प्रसाद गौतम (विप्लव), फत्त बहादुर पुलामी मगर, च्याङ्गवा लामा, नारायण अधिकारी, प्रदिप गौतम, प्रेम रसाईली, रिना रसाईली, शुभद्रा चौलागाई, मैना सुनुवार, धर्म श्रेष्ठ लगायत दुई सय भन्दा बढी शहीद तथा तात्कालीन प्लाटुन कमाण्डर नवीन गौतम, कमला शर्मा, विके श्रेष्ठ लगायत दर्जनौ बेपत्ता योद्धा र घाइते योद्धाहरूलाई सम्मान गर्ने कार्यक्रम रहेको छ ।

सम्मान कार्यक्रमलाई क्रान्तिकारी माओवादीका पिविएम तथा सहिद तथा वेपत्ता योद्धा परिवार समाजका संयोजक दिनेश शर्मा'सागर', पार्टी केस कान्छाराम तामाङ, नेकपा नेताहरू बाबुराम गजमेर, सरद रसाइलीलगायतका नेताहरूले सम्बोधन गर्ने र सम्मान गर्ने कार्यक्रम रहेको छ । कार्यक्रमलाई प्रभावकारी बनाउन आयोजकले पहिले नै पर्चा प्रकाशित गरी व्यापक रूपमा वितरण गरिएको थियो । वितरीत पर्चामा नेकपाका नेता सुदर्शनको उपस्थिति हुने भनिए पनि नेता सुदर्शनलाई युवाहरूको सम्मेलनमा जाँदा प्रहरी प्रशासनले गिरफ्तार गरेर अहिले सार्वजनिक अपराधको मुद्दा दायर गरी प्रहरी हिरासतमा राखेको छ । उक्त घटनाको क्रान्तिकारी माओवादी लगायतले चौतर्फी रूपमा विरोध गरिरहेका छन् र अविलम्ब रिहाइको माग भइरहेको छ ।

## स्थानीय निकायमा बढ्दो भ्रष्टाचारका विरुद्ध क्रान्तिकारी माओवादी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले ७ वटै प्रदेशका स्थानीय निकायमा बढ्दो भ्रष्टाचारका विरुद्ध कदम चाल्न थालेको छ । संगठन तथा जनपरिचालनको अभियान लिएर गाउँ गाउँ पुगेका क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूले स्थानीय निकायका जनप्रतिनिधिहरूलाई स्थानीय जनताका मागहरू समेटेर माग पूरा गराउन दबाब दिने र स्थानीय प्रतिनिधिहरूले गरेका भ्रष्टाचारलगायतका जनविरोधी क्रियाकलापका विरुद्ध कडा कदम चाल्ने चेतावनी दिएको छ ।

प्राप्त समाचार अनुसार क्रान्तिकारी माओवादीको कर्णाली प्रदेशले एक सार्वजनिक अपिल जारी गर्दै कर्मचारीतन्त्रले चलाएको भन्दा जनप्रतिनिधिका बिल्ला भिरेकाहरूले नेतृत्व ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादी र मसालबीच पार्टी एकताको विषयमा छलफल



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य'किरण' र नेकपा (मसाल)का महामन्त्री पार्टी एकता र कार्यगत एकताका विषयमा छलफल भएको छ । राष्ट्रिय जनमोर्चाको केन्द्रीय कार्यालय कपनमा आइतबार भएको छलफलमा क्रान्तिकारी माओवादी तर्फबाट महासचिव मोहन वैद्य'किरण' र स्थायी समिति सदस्य रामसिंह श्रीस र नेकपा (मसाल)का तर्फबाट महामन्त्री मोहनविक्रम सिंह, आनन्द शर्मा र हिमलाल पुरीको उपस्थिति रहेको थियो । दुवै पार्टीका नेताहरूबीच पार्टी एकता र कार्यगत एकताका विषयमा छलफल भएको छ । छलफलमा मिल्ने विषयहरूमा सहकार्य गर्दै पार्टी एकताका लागि आधार तयार पार्ने, छलफललाई निरन्तर रूपमा अगाडि बढाउने सहमति भएको छ । अन्य पक्षहरूसँग पनि छलफल अघि बढाउने सहमति भएको क्रान्तिकारी माओवादीका नेता श्रीसले वर्गदृष्टिलाई जानकारी दिनुभयो ।

पछिल्ला दिनमा क्रान्तिकारी माओवादीले सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूबीचको एकीकरण र ध्रुवीकरणमा जोड दिंदै आएको छ ।

## क्रान्तिकारी माओवादीले सहिद, बेपत्ता योद्धा परिवार र घाइते योद्धालाई सम्मान गर्ने



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभरि महान् जनयुद्धका सहिद तथा वेपत्ता योद्धा परिवार र घाइते योद्धाहरूलाई सम्मान गर्ने भएको छ । फागुन १४ देखि २१ सम्मको सहिद सप्ताहको अवसर पारेर ७ वटै प्रदेशका जिल्लामा रहेका सहिद तथा वेपत्ता योद्धा र घाइते योद्धाहरूलाई सम्मान पत्र प्रदान गर्ने भएको हो । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण' र पार्टी सम्बद्ध सहिद तथा वेपत्ता योद्धा परिवार समाजका संयोजक दिनेश शर्मा'सागर'ले संयुक्त रूपमा हस्ताक्षरित सम्मान पत्र प्रदान गर्ने तयारी गरिएको छ । सम्मान पत्रमा नेपाली क्रान्तिमा समर्पित योद्धाहरूको त्याग, वीरता र बलिदानको मूल्य अमर र गरिमामय रहेको उल्लेख गर्दै तेइसौं जनयुद्ध दिवस तथा सहिद सप्ताहको ऐतिहासिक अवसरमा नयाँ जनवाद, समाजवाद र साम्यवाद प्राप्तिको उदात्त उद्देश्यमा आधारित क्रान्तिका निम्ति सहिद तथा वेपत्ता योद्धाहरूले देखाएको निष्ठा, त्याग र बलिदानको बाटोमा निरन्तर अगाडि बढिरहने प्रण गरिएको छ ।

पार्टी केन्द्रीय कार्यालयबाट सबै प्रदेशहरूमा सम्मान पत्र पठाइसकिएको कार्यालय सचिव कगेन्द्रले जानकारी दिनुभयो ।

यसैबीच, क्रान्तिकारी माओवादीले देशभर आज (फागुन १४) बाट २१ गतेसम्म विभिन्न कार्यक्रम गरी सहिद सप्ताह मनाउने निर्णय ...बाँकी ७ पेजमा

## पश्चिमा राष्ट्रमा कम्युनिष्ट घोषणा पत्रको माग बढ्दो

**एजेन्सी।** आजभन्दा १७० वर्षअघि जुन १८४८ मा कम्युनिष्ट घोषणा पत्र छापियो । त्यसलाई आजसम्म पनि ब्रिटेन लगायत थुप्रै पश्चिमा राष्ट्रका जनताहरूले पुँजीवादका कमजोरी र मानव विकासको बाटो मूल्यांकन गर्ने सही र सान्दर्भिक अस्त्रको रूपमा लिने गर्दछन् ।

कम्युनिष्ट घोषणा पत्र, जनु कम्युनिष्ट पार्टीको घोषणा पत्रको रूपमा चिनिन्छ, त्यसलाई जर्मन दार्शनिक कार्लमार्क्स र फेडरिक ऐंगेल्सद्वारा लेखिएको थियो । यो घोषणा पत्र कम्युनिष्ट आन्दोलन र विश्व परिवर्तनको निर्देशक सिद्धान्तको रूपमा रही आएको छ । जब यो विषय प्रकाशमा आयो, कम्युनिष्ट घोषणा पत्र विश्वमा नै सबभन्दा बढी पढिएको राजनीतिक दस्तावेज भएको छ । यो संगै दस्तावेजलाई विश्वकै आदर्श इतिहासको सुनौलो विहानी र कम्युनिष्टहरू आदर्शघरको रूपमा व्याख्या गरिएको छ । जर्मन भाषामा पहिलो पल्ट लण्डनको ४६ लिभर पुल सडकमा छापिएको घोषणा पत्र आजसम्म विश्वको २ सय भाषाको लगभग हजार संस्करणमा जसमध्ये २३ संस्करण त चिनियाँ भाषामै अनुवाद गरिसकिएको छ । कार्लमार्क्स र मार्क्सवादी विचारको पुनर्जागरण हालै घोषाणापत्रको जन्मभूमि लण्डनमा आएको छ । वाटर स्टोन्स भन्ने लण्डनको खुद्रा किताब विक्रेताले २०१५ फ्रबुअरी अन्तिम हप्तासम्ममा ३० हजारभन्दा बढी घोषणा पत्र विक्री भएको जनाएका ...बाँकी ७ पेजमा

## माकेको एमालेमा विलय: एक पश्चगामी छलाङ्ग

नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास अग्रगमन र पश्चगमनका बीचको भीषण अन्तर्विरोधको प्रक्रिया हुँदै अगाडि बढ्दै आएको छ । यसैक्रममा अहिले नेकपा (माओवादी केन्द्र) को नेकपा (एकीकृत मार्क्सवादी लेनिनवादी) मा विलय भएको छ । माओवादी केन्द्रले क्रान्ति, कम्युनिज्म र माओवादको परित्याग गरी शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धामा आधारित संसदवादको सिद्धान्तलाई स्वीकार गरेको छ । यस परिघटनालाई माओवादी केन्द्रको सैद्धान्तिक तथा राजनीतिक पतन, दक्षिणपन्थी संशोधनवादको पराकाष्ठा र पश्चगामी यात्राका रूपमा लिनु पर्दछ । अब माओवादी केन्द्रको माओवाद तथा वैज्ञानिक समाजवादसित सबै सम्बन्ध तोडिएको छ । माओवादी केन्द्र एमालेमा विलिन हुन पुगेको स्थितिमा हिंजोका माओवादी केन्द्रका ती नेताहरूको माओवाद र जनयुद्धको इतिहाससित पनि सम्बन्धविच्छेद हुन गएको छ । यो नेपाली क्रान्ति र कम्युनिष्ट आन्दोलनको इतिहासमा एक गम्भीर विडम्बना र पश्चगामी छलाङ्ग हो ।

> एमालेले सत्ताको हिस्सेदार बनेर जनयुद्धका विरुद्ध कथित आतंकवाद विरोधी कानुन बनाउने र सेना परिचालन गर्ने कुरामा सबैभन्दा बढी कसरत गरेको थियो



● किरण ●

हिंजो महान् जनयुद्धको प्रक्रियामा तत्कालीन नेकपा (माओवादी) का नेता प्रचण्डले भनेका थिए-'बहुदलीय जनवादको प्रतिक्रियावादी रणनीति अवलम्बन गरेर मार्क्सवाद लेनिनवाद जस्तो महान् पदावलीलाई खुलेआम संसदीय चुनावको ट्रेडमार्कमा झार्न पुगेको एमाले गद्दार गुट नै सर्वाधिक प्रतिक्रियावादीका रूपमा प्रस्तुत भएको छ । प्रतिक्रियावादी सत्ताको कुर्सीका निमित्त भारतीय विस्तारवादको नाङ्गो दलाल बनेर महाकालीमा निर्लज्जतापूर्वक राष्ट्रघात गर्न पुगेको यही संशोधनवादी गद्दार एमाले गुट नै हो, जसले गतसाल सत्ताको हिस्सेदार बनेर जनयुद्धका विरुद्ध कथित आतंकवाद विरोधी कानुन बनाउने र सेना परिचालन गर्ने कुरामा सबैभन्दा बढी कसरत गरेको थियो ।' (नेपाली क्रान्तिका समस्याहरू, भाग ३ पृ. १६८, प्रगतिशील अध्ययन केन्द्र काठमाडौं २०६४) ।

उक्त उद्धरणमा एमालेको सशक्त विरोध तथा भण्डाफोर गरिएको छ । त्यसमा प्रचण्डद्वारा एमालेलाई- (१) बहुदलीय जनवादको प्रतिक्रियावादी रणनीति अवलम्बन गरेको, (२) मार्क्सवाद लेनिनवादलाई संसदीय चुनावको ट्रेडमार्कमा झार्न पुगेको, (३) प्रतिक्रियावादी सत्ताको कुर्सीका लागि भारतीय विस्तारवादको नाङ्गो दलाल बनेर महाकालीमा निर्लज्ज राष्ट्रघात गरेको, ...बाँकी ७ पेजमा

## सम्पादकीय

# माकेको एमालेमा विलय

अन्ततः पुष्पकमल दाहाल'प्रचण्ड' नेतृत्वको माओवादी केन्द्र एमालेमा विलय भएको छ। माके मालेमावादी सिद्धान्त, क्रान्ति तथा वर्गपक्षधरता परित्याग गरी शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धामा आधारित संसदवादको सिद्धान्तलाई स्वीकार गर्न पुगेको छ । यस परिघटनालाई कम्युनिष्ट क्रान्तिकारी माओवादीहरूले माओवादी केन्द्रको सैद्धान्तिक तथा राजनीतिक पतन, दक्षिणपन्थी संशोधनवादको पराकाष्ठा र पश्चगामी यात्राका रूपमा लिएका छन् । क्रान्तिकारी माओवादीका महासविच कमरेड किरणले माकेको एमालेमा विलयसँगै उसको माओवाद तथा वैज्ञानिक समाजवादसित सबै सम्बन्ध तोडिएको टिप्पणी गर्नुभएको छ। माओवादी केन्द्र एमालेमा विलीन हुन पुगेको स्थितिमा हिंजोका माओवादी केन्द्रका ती नेताहरूको माओवाद र जनयुद्धको इतिहाससित पनि सम्बन्ध विच्छेद हुन गएको उहाँले आफ्नो लेखमा टिप्पणी गर्नुभएको छ ।

दशवर्ष लामो जनयुद्धपूर्व र जनयुद्धको कालखण्डमा एमालेलाई दक्षिणपन्थी संशोधनवादी समूह करार गरी भीषण विचारधारात्मक संघर्ष चलाएको थियो जनयुद्धको नेतृत्व गरेको तत्कालीन नेकपा (माओवादी)ले। जनयुद्धको प्रक्रिया अगाडि बढ्दै जाँदा तत्कालीन माओवादी जनयुद्धलाई आतंककारी गतिविधि भएको भन्दै माओवादी नेताहरूको टाउकाको मूल्य तोक्नेमा एमालेको अहिलेको नेतृत्व सबैभन्दा अगाडि थियो । जनयुद्धको सबभन्दा निकृष्ट आलोचकका रूपमा यिनै केपी ओली थिए। अहिले आएर त्यही जनयुद्ध र बलिदानले स्थापित गरेको पार्टी र नेतृत्वको ठूलो हिस्सा ओली नेतृत्वको एमालेमा विलय हुन पुगेको छ। प्रचण्ड-बादलहरूले अनेकथरि तर्क गरेर माकेको एमालेकरणलाई जायज र आवश्यक ठहऱ्याउन खोजे पनि दशवर्षे जनयुद्ध, यसले उठाएका मुद्दाहरू, जनयुद्धमा भएको महान बलिदान, सहिद तथा वेपत्ता योद्धाका परिवारहरू, घाइते अपांग योद्धाहरू, आमूल परिवर्तनका पक्षधर विशाल जनपंक्तिले खडा गरेका संगीन प्रश्नहरूको जवाफ प्रचण्ड-बादलहरूले दिनैपर्छ। इतिहास निर्मम हुन्छ। एकदिन उनीहरू इतिहासको कठघरामा उभिनै पर्छ ।

रणनीतिक प्रत्याक्रमणको दोस्रो योजनासम्म पुगेको जनयुद्ध, क्रान्तिकारी आधारइलाका, हजारौंको जनमुक्ति सेना, जनसत्तालाई विघटित र विसर्जित गरी वर्गीय र राष्ट्रिय आत्मसमर्पणवाद तथा नवसंशोधनवादको यात्रा सुरु गरेका प्रचण्डले ७ बुँदेसम्म आइपुग्दा आफू र आफू नेतृत्वको पार्टीलाई प्रतिक्रियावादमा पतन गराउन पुगेका छन् । प्रचण्डले 'प्रतिक्रियावादी सत्ताको कुर्सीका निमित्त भारतीय विस्तारवादको नाङ्गो दलाल बनेर महाकालीमा निर्लज्जतापूर्वक राष्ट्रघात गर्न पुगेको यही संशोधनवादी गद्दार एमाले गुट नै हो, जसले गतसाल सत्ताको हिस्सेदार बनेर जनयुद्धका विरुद्ध कथित आतंकवाद विरोधी कानुन बनाउने र सेना परिचालन गर्ने कुरामा सबैभन्दा बढी कसरत गरेको थियो ।' भनेर 'नेपाली क्रान्तिका समस्याहरू, भाग ३ पृ. १६८ मा लेखेका थिए । आज आएर त्यही प्रतिक्रियावादी सत्ताको कुर्सीका लागि संशोधनवादी गद्दार गुटमा प्रचण्ड विलिन हुन पुगेका छन् । यसको औचित्य पुष्टि प्रचण्डले कहिल्यै पूरा गर्न सक्ने छैनन् । बरु उनको यो कदमले उनलाई 'युद्ध अपराधी'को माला गुथाएर हेगमा पुऱ्याउन खोज्नेहरूका लागि पर्याप्त आधारहरू प्रदान गर्नेछ। ढिलो चाँडो युद्ध अपराधी करार गरेर जेल हाल्नेमा तिनै संशोधनवादी गद्दार एमाले गुटका मतियारहरू हुनेछन् ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

# नयाँ ढंगको पार्टी निर्माण र एकीकरण एवम् ध्रुवीकरण बारे



• परि थापा •

विश्व कम्युनिष्ट आन्दोलन मात्र होइन एशियाकै कम्युनिष्ट आन्दोलनको ऐतिहासिक परिप्रेक्ष्यलाई मध्यनजर गर्दा नेपालकमा कम्युनिष्ट आन्दोलनको इतिहासलाई लामो मान्न सकिंदैन। नेपालका कम्युनिष्ट पार्टीको स्थापना १९४९ अप्रिल २२ तदनुसार २००६ वैशाख १० गते भारतको कलकत्ता शहरमा भएको थियो । त्यसरी हेर्दा पार्टी स्थापना भएको करिब ७ दशकको समयावधि पुग्दैछ । पार्टी स्थापनाको कालपछि करिब डेढ दशकसम्म पार्टी एकताबद्ध रूपमा नै अगाडि बढ्न सकेको थियो। २०१९ सालमा सम्पन्न भएको तेस्रो पार्टी महाधिवेशनपछि तत्कालीन महासचिव तुलसीलाल अमात्य र संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको बीचमा उत्पन्न हुन गएको मतभेदका कारण पार्टीमा फुट र विभाजनको शृंखला सुरु भएको थियो । त्यस दौरानमा पुष्पलालले 'कुन बाटो ?' र तुलसीलालले 'मूल बाटो' नामक पुस्तिका समेत लेखेर प्रकाशित गरेका थिए। अहिलेको अवस्थासम्म आइपुग्दा नेपालको कम्युनिष्ट आन्दोलन टुट, फुटको व्यापक आरोह एवं अवरोहको परिस्थिति पार गर्दै आएको छ।

नेपालको कम्युनिष्ट आन्दोलनको विगतको इतिहासको समीक्षा गर्दै नेकपा (क्रान्तिकारी माओवादी)ले गएको असोजमा पोखरामा सम्पन्न राष्ट्रिय सम्मेलनद्वारा त्यसबाट सिक्नुपर्ने पाठलाई यसप्रकार संश्लेषण गरेको छ : प्रथम, माथि अन्तर ाष्ट्रिय कम्युनिष्ट आन्दोलनबाट सिक्नुपर्ने पाठबारे जुन कुरा उल्लेख गरिएका छन्, ती नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा पनि लागू हुँदै आएका छन्। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा जस्तै नेपाली कम्युनिष्ट आन्दोलन पनि एकता, संघर्ष, फुटसम्म पनि र पुनः नयाँ आधारमा नयाँ एकताका प्रक्रियाका बीचबाट विकसित हुँदै आएको छ । दोस्रो, नेपाली कम्युनिष्ट आन्दोलनका कतिपय प्रसंगमा असैद्धान्तिक तथा अराजनीतिक हिसाबले पनि फुट हुने गरेका छन् । यस सन्दर्भमा नेतृत्वका स्वभाव र भूमिकाले पनि काम गरेको पाइन्छ। अन्ततः फुटको मुख्य कारण विचारधारा, राजनीति तथा कार्यदिशा नै रहेको कुरा स्पष्ट छ। तेस्रो, आज दक्षिणपन्थी अवसरवाद प्रभावी बन्न गएको छ । त्यसले **सृजनशीलता, नवीनता र मौलिकताको** नाममा ठूलो हिस्सालाई भ्रमित तुल्याउँदै आएको छ। त्यसले जड्सूत्रवादको विरोधको नाममा अनुभववाद र दक्षिणपन्थी संशोधनवादलाई अँगाल्ने गरेको छ। चौथो, क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त, राजनीति तथा नेतृत्वको विशेष महत्व हुन्छ । पार्टी सही र गलतबीचका संघर्षको प्रक्रियामा यी विषयबारे सचेत बन्नु पर्दछ । पाँचौं, क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण क्रान्तिका लागि हो । क्रान्तिकारी विचारधारा र कार्यदिशाका आधारमा हामीले क्रान्ति गर्न योग्य, अनुशासित तथा एकताबद्ध **नयाँ ढंगको पार्टी** निर्माणका लागि विशेष प्रयत्न गर्नुपर्दछ । *(राजनीतिक प्रतिवेदन पृष्ठ ३२/३३)*

त्यसैगरी त्यसप्रकारको पार्टी निर्माणको कामलाई कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा पनि राष्ट्रिय सम्मेलनद्वारा पारित दस्तावेजमा यसप्रकार उल्लेख गरिएको छ : क्रान्ति सम्पन्न गर्न योग्य पार्टी बनाउनका लागि हामीले एकातिर संसद्वाद र अर्कोतिर मास पार्टी अवधारणाका विरुद्ध दृढतापूर्वक संघर्ष चलाउन अनिवार्य बन्न गएको छ। यस निम्ति नयाँ ढंगको पार्टी निर्माणबारे विशेष जोड दिन जरुरी छ । क्रान्ति सम्पन्न गर्नका लागि पार्टीलाई निरन्तर नयाँ बनाउँदै विकसित तुलयाउनु अनिवार्य बन्न गएको छ। **नयाँ ढंगको पार्टी** निर्माणका लागि (क) मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शन (ख) नयाँ जनवादी क्रान्तिको कार्यदिशा (ग) क्रान्तिकारी कार्यशैली (घ) सही अन्तरसंघर्ष तथा दुईलाइन संघर्ष सञ्चालन (ङ) देश, जनता, सर्वहारा अन्तर ाष्ट्रियवाद र समाजवाद तथा साम्यवादको आदर्शप्रति निष्ठावान नेता तथा कार्यकर्ताहरूको निर्माण तथा विकास र (च) प्रतिक्रियावाद तथा संशोधनवादका विरुद्ध सम्झौताहीन संघर्ष आदि मापदण्डमाथि विशेष ध्यान दिनुपर्दछ। नयाँ ढंगको कम्युनिष्ट पार्टी निर्माण भौतिक उत्प्रेरणाले होइन, त्याग र बलिदानी भावनाले समृद्ध भएर नै हुन्छ । **नयाँ ढंगको पार्टी** निर्माणका लागि निरन्तर संघर्ष गर्दै अगाडि बढ्न आवश्यक छ । कम्युनिष्ट पार्टीलाई मास पार्टी होइन कार्यकर्ता तथा नेताहरूको चुस्त दुरुस्त पार्टी बनाउनु पर्दछ । *(राजनीतिक प्रतिवेदन पृष्ठ ४१/४२)*

**नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढ्ने नीति, कार्यक्रम तथा उद्देश्य अवलम्बन गरेका क्रान्तिकारी कम्युनिष्ट समूह तथा व्यक्तित्वलाई एकताबद्ध गर्नु आजको ऐतिहासिक आवश्यकता हो**

नेकपा (क्रान्तिकारी माओवादी)को राष्ट्रिय सम्मेलनद्वारा स्वीकृत एवं पारित माथि उल्लेखित नीति तथा निर्णयका आधारमा गत पुस महिनामा सम्पन्न पार्टीको केन्द्रीय समितिले एकीकरण तथा ध्रुवीकरणसम्बन्धी कामका बारेमा यसप्रकार उल्लेख गरिएको छ : पार्टीको एकीकरण तथा ध्रुवीकरणको काममा तत्काल विशेष पहलकदमी लिई अगाडि बढ्नु पर्दछ। त्यससम्बन्धी एउटा प्रस्ताव सार्वजनिक गर्नुपर्दछ। (तात्कालिक राजनीतिक प्रस्ताव पृष्ठ ४) केन्द्रीय समितिको उक्त बैठकले पार्टी एकीकरण तथा ध्रुवीकरणबारे आवश्यक पहल गर्ने निर्णय गऱ्यो र त्यस प्रयोजनका लागि केन्द्रमा एक वार्ता टोलीसमेत निर्माण भइसकेको छ।

नेकपा (क्रान्तिकारी माओवादी)को यही माघमा बसेको स्थायी समितिको बैठकले त्यस विषयलाई यसप्रकार मूर्तरूप प्रदान गरेको छ : पश्चगामी राज्यसत्ता तथा व्यवस्थाको प्रभुत्व कायम रहिआएको र दक्षिणपन्थी संशोधनवादको हैकम बढ्दै गएको अवस्थामा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढ्ने नीति, कार्यक्रम तथा उद्देश्य अवलम्बन गरेका क्रान्तिकारी कम्युनिष्ट समूह तथा व्यक्तित्वलाई एकताबद्ध गर्नु आजको ऐतिहासिक आवश्यकता हो । तसर्थ, यसबारे गम्भीर हुँदै क.विप्लवद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिष्ट पार्टी, क.मोहनविक्रम सिंहद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिष्ट पार्टी (मसाल) तथा क.ऋषि कट्टेलद्वारा नेतृत्व गरिएको नेपाल कम्युनिष्ट पार्टीसहितका संगठनहरू र विभिन्न ठाउँमा छितरिएर रहेका क्रान्तिकारी कम्युनिष्टहरूसित पार्टी एकताका लागि आधार तयार पार्न वार्ता टोली बनाई ठोस पहल गर्ने निर्णय लिइएको छ। *(प्रेस वक्तव्य)*

एकीकरण र ध्रुवीकरणलाई व्यवहारतः मूर्तरूप प्रदान गर्नका लागि नेकपा (क्रान्तिकारी माओवादी)ले अन्य थप आधारभूत विषयहरूसमेत तय गरी अगाडि सारेको छ । ती यसप्रकार रहेका छन् : (एक) मार्क्सवाद-लेनिनवाद-माओवाद/माओविचारलाई मार्गदर्शक सिद्धान्तका रूपमा अँगिकार गर्ने, (दुई) क्रान्ति सम्पन्न गर्न बल प्रयोगको सिद्धान्तलाई अवलम्बन गर्ने, (तीन) नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद र साम्यवाद स्थापनाका दिशामा अगाडि बढ्ने, (चार) संगठन सञ्चालनको सम्बन्धमा जनवादी केन्द्रीयताको सिद्धान्तलाई स्वीकार गर्ने, (पाँच) वर्तमान पश्चगामी संविधानलाई अस्वीकार गर्ने र (छ) वर्तमान प्रतिक्रियावादी राज्यसत्ताअन्तर्गत निर्माण हुने सरकारमा समेत नहुने रहेका छन् । अहिले एमाले र माकेजस्ता दक्षिणपन्थी तथा संशोधनवादी पार्टीहरूले कथित वाम गठबन्धनको निर्माण गर्दै पार्टी एकतासमेतको प्रक्रियालाई अगाडि बढाइरहेको सन्दर्भमा नेकपा (क्रान्तिकारी माओवादी)ले सम्पूर्ण क्रान्तिकारी कम्युनिष्टहरूलाई एकजुट बनाई एकीकरण तथा ध्रुवीकरणका लागि जुन पहलकदमी गरिरहेको छ, त्यसलाई सार्थक तुल्याउन गम्भीर जिम्मेवारीबोधका साथ लागिपर्नुपर्ने कुरा स्वतः स्पष्ट छ

झर्रोटर्रो — कैलुब्राह

# मन्त्री दौड प्रतियोगिता

बल्लतल्ल केही दिन अगाडि उखानप्रसादले पर्धानमन्त्रीको पगरी त गुथे तर आफ्ना सहयोगी जन्तीमण्डल गठन गर्न त उनलाई पनि सकस नै पऱ्यो । एक्लै सिंहदरबार छिर्न कठिन परेर होला आफ्नै दल भित्रका सौतेनी गुटका अरू दुई जनालाई साथै लिएर पसे । गठबन्धनका चालिसे गुटबाट जन्तीमण्डलमा पठाउने नाम नआएकाले आफ्नो साठी भागे गुटतर्फबाट मात्रै जन्तीमण्डलमा सामेल गराए । चुनाउमा साझेदार बनेको चालिसे गुटसित यतिबेला पाटी पनि एउटै बनाउने सातबुँदे वाचाकवलको तमसुकमा भरखरै मात्र सहिछाप भएको छ। उक्त तमसुकअनुसार पाटी एकता सँगसँगै सरकारमा जन्तीहरूको भर्ती गर्ने कुरोकानी भएको छ । जन्तीमण्डलमा सहभागी हुनका लागि दुवै गठबन्धने दलहरूमा दौड प्रतियोगिता सुरु भएको छ।

चुनाउमा नेकपा साठी-चालीस बनाएका दलहरूले यतिखेर जन्तीमण्डल निर्माण गर्दा पनि सोही नीति अपनाउने भएका छन् । अहिले भने साठी भागे दललाई दुई भाग अरू थपिएर बैसट्ठी पुऱ्याइएको छ। चालिसेलाई दुई भाग कम पर्ने भएको छ। विगतको तुलनामा जन्तीमण्डलको सङ्ख्या निकै कम हुने भएपछि नेकपा साठी-चालिसमा यतिखेर जन्तीमा को को सामेल हुने भन्ने विषयमा घोचपेच र मारमुङ्ग्री चलेको कुरा झर्रो स्रोतले बताएको छ। एउटै गुटभित्र पनि एकले अर्कालाई पछि पारेर आफूले रोजेको मन्त्रालय उछिट्याउने दाउमा दलको मुखियासँग खुसामत गर्ने, दवाव दिने, थर्काउने र धम्काउने आदि इत्यादि तिगडम चलेको छ।

यसैबीच मन्त्री छनोटका लागि चालिसे र साठीभागे दलका छुट्टाछुट्टै बैठक बसेका छन्। दुवैतर्फ कुरा मिल्न सकेको छैन। उनीहरूका निम्ति देश भनेको आआफ्नो घर र जनता भनेका आफू, आफ्ना परिवार र नाताकुटुम्व भएकाले त्यसको उन्नति, प्रगति र समृद्धिमा भरपूर ध्यान दिएर जीवनमरणको लँडाइ गर्नु परे पनि पछि नहट्ने उनीहरूको दृढ अठोट छ। यसरी जनता (उर्फ परिवार)को समृद्धि गरेर समाजवादमा जाने उनीहरूको सिद्धान्त, लक्ष्य र उद्देश्य रहेको छ।

चालिसे दलमा यतिखेर पुलिसमन्त्रीका लागि सबै भन्दा बढि लुछाचुँडी-मारमुङ्ग्री, घुर्की-धम्की, चम्का-चम्की, घोचपेच, उठापट्की चलेको खबर छ । पुलिसमन्त्री पद भएकाले अलिकता फौजी तरिकाले छलफल हुनु पनि स्वाभाविक हो । फेरि यसमा दुई जना मन्त्री दौड प्रतियोगिताका मुख्य धावक पूर्व जमुसेका डेपुटी नै भएकाले उनीहरूका बीचमा घम्साघम्सी पर्नु स्वाभाविकै हो। उनीहरूका बीचमा दुवै धावकका वैकल्पिक धावक बनेका छन् लिनप्याओवादी नेता । विगतमा कट्वालेले उनलाई खेदेको हुनाले यसपाली पुलिसमन्त्री बनेर कट्वालेलाई ठीक पार्ने उनको दाउ पनि होला । त्यसैले उनले पनि यो मन्त्री आफूले पड्काउने दाउमा दौडमा सामेल भएका छन् । कस्ले बाजी मार्छ भन्न सकिने अवस्था छैन । रोल्पाली मङ्गोल डेपुटीले आफूले पुलिसमन्त्री नपाए आफ्नी स्वास्नीलाई पूर्व पदमा दोहोऱ्याउनु पर्छ भन्दै अट्को थापेपछि मिस्टर सुप्रिमोलाई निकै अप्ठ्यारो परेको छ। मङ्गोल डेपुटीको यो अक्करे शर्त सुप्रिमोको लागि दायाँ गए भीर र बायाँ फर्के गाडको अवस्था बनाइदिएको छ । यसैगरी लिनप्याओवादीले पनि आफूले पुलिसमन्त्री नपाए जन्तीमण्डलमै सामेल नहुने भनेर उनले पनि संसदको मुखियामा आफ्नी लभरलाई पठाउनु पर्ने शर्त राखे भने सुप्रिमोलाई प्रेस बढ्ने र जे पनि हुन सक्ने खतरा पनि छ । यसरी पुलिसमन्त्रीमै मारमुङ्ग्री चलेपछि अरू मन्त्रीका विषयमा कुरोकानी नै हुन सकेको छैन । पठाउनु पर्ने सातजना जन्तीमा दुई गुणा बढि आकाङ्छी देखा परेपछि चालिसे पाटीले अहिले सुप्रिमो, काजीसाव र लिनप्याओवादीलाई जे गर्छौ गर भनेर तृबास्सा भरोसेमा छोडिदिएको छ।

यसैगरी साठीभागे दलमा पनि जन्तीमा पठाउने नाम छनोटको विषयमा हार्डकोर ग्रुपको बैठक चल्यो । त्यहाँ पनि चालिसे भागवाला जस्तै लुछाचुँडी, मारमुङ्ग्री नै चलेको खबर प्राप्त भएको छ । जन्तीमा सामेल हुनेहरूका बीचमा हानथाप भएर एक से एक दौडमा सामेल भएपछि अन्योलता पैदा भएको हो । कुरो टुङ्गिन नसकेपछि त्यहाँ पनि दलका मुखिया मिस्टर उखानप्रसादलाई जे गर्छौ जस्लाई बरदान दिन्छौ देऊ भन्दै उखानभरोसेमा छोडिएको छ। यसै बीचमा नेकपा साठी-चालीसले अब उप्रान्त एउटै दल बनाएर झन् ठूलो पाटी बनाउने गृहकार्य पनि गरिरहेको हुनाले आफ्नो दललाई समृद्ध बनाउँदै समाजवाद लागू गर्ने सपना पूरा गर्न निकै ठूलो महाभारतको लडाइँ लड्नु पर्ने अवस्था सिर्जना भएको छ । अन्ततः जनता भनेका आ-आफ्ना दलका नेता र तिनका परिवार नाताकुटुम्ब भएको र देश भनेको दल भएकाले उनीहरूले समृद्धि र समाजवादको कुरा गरेको पनि आफैँभित्र हो भने कुरो यो जन्तीमण्डलका निम्ति परेको म्याराथन दौडले सिद्ध गरेको छ। यो दौड प्रतियोगिता दुबै दलका गुटगुटमा चलेको हुनाले दुवैतर्फका निगाहादाता रेफ्रीले कस्लाई विजेता घोषित गर्ने हुन् भन्ने कुरा बाहिर बसेका दर्शकहरूमा निकै कौतुहलताको विषय बनेको छ। सबैमा चेतना भया। *१२ फागुन २०७४*

kailubraha73@gmail.com

# वाम आन्दोलन र यसको आगामी कार्यभार



*नेपालमा जारी भएको संविधानले यतिखेर लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्थालाई संस्थागत गरेको घोषणा गरिएको छ । यसलाई एकथरि मानिसहरूले 'नेपालमा विगतमा भएका क्रान्तिकारी आन्दोलनको माग पूरा भएको' भन्ने प्रचार धुमधामका साथ गरिरहेका छन् । यो भनाइ कति सत्य र कति असत्य हो ? नेपाली जनताको ठूलो हिस्सा अहिले पनि यस विषयमा अलमलमा परेको देखिन्छ । यस विषयमा नेपाली समाजमा ठूलो अन्योल छ । यसबारे स्पष्टताको निकै ठूलो खाँचो छ*

● सी.पी. गजुरेल ●

-

**वामपन्थी आन्दोलनबारे पैदा भएको भ्रम**

सामान्यतया वामपन्थी आन्दोलन भन्नाले वामपन्थी सबैको साझा आन्दोलन वा वामपन्थी आन्दोलनको मूल प्रवाह भन्ने बुझिन्छ । तर जब दक्षिणपन्थीहरूले र प्रतिक्रियावादीकरण भैसकेकाहरूले आफूलाई 'वामपन्थी' भन्ने गर्दछन्, जब वामपन्थीहरूको जरो किलो उखेल्नका लागि वामपन्थी नामको दुरूपयोग हुन्छ, ती दुई परस्पर विरोधी शक्ति वा व्यक्तिहरूलाई चिनाउने पदावलीका अगाडि विशेषण थप्नुपर्ने आवश्यकता महसुस हुने गर्दछ । सच्चा वामपन्थीका विरुद्ध उभिएको नक्कली वामपन्थी यतिखेर नेपालको राजनीतिमा हावी देखिएको छ । यो प्रतिक्रियावादी सत्ताको सञ्चालन नै त्यसैले गरिरहेको छ । वाम समर्थक जनतामा त्यसले ठूलो भ्रम पैदा गरिरहेको छ । यो भ्रमलाई चिर्नु, यसबारे पैदा भएको अस्पष्टतालाई स्पष्ट पार्नु एउटा महत्वपूर्ण विषय बन्न गएको छ ।

हुन त वामपन्थी र कम्युनिष्ट ठ्याक्कै एकअर्काका पर्यायवाची शब्द होइनन् । वामपन्थी भनेको विद्यमान प्रतिक्रियावादी सत्ताको विरोध र अग्रगामी परिवर्तनको पक्षमा उभिने क्रान्तिकारी शक्ति हो । त्यस प्रकारको शक्ति कम्युनिष्ट नै हुनुपर्दछ भन्ने अनिवार्यता होइन । तर नेपालको सन्दर्भमा भने वामपन्थी र कम्युनिष्ट भनेका एकअर्काको पर्यायवाचीका रूपमा प्रस्तुत हुने गरेको छ । कम्युनिष्ट शक्तिभन्दा भिन्न अन्य क्रान्तिकारी शक्ति अस्तित्वमा देखा नपरेर पनि यो अवस्था आएको हुन सक्दछ । जेहोस्, वामपन्थी आन्दोलनको विषयमा नेपालको विशिष्टतामा जुन स्थिति विद्यमान छ, त्यसैका आधारमा नै यहाँ चर्चा गर्ने प्रयास गरिएको छ

**वाम आन्दोलन र कथित वाम गठबन्धन**

नेपालमा कम्युनिष्ट आन्दोलनको लामो इतिहास छ । यसका दुई पक्ष छन् । पहिलो, कम्युनिष्ट पार्टीले नेपालको राष्ट्रिय स्वाधीनताको रक्षा, नेपाली समाजको आमूल परिवर्तनका लागि, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका लागि विगतमा जुन भूमिका खेलेको छ, त्यसबाट जनतामा यो पार्टी प्रति गहिरो समर्थन र विश्वास पनि छ । सामान्यतया, नेपाली जनताले कम्युनिष्ट आन्दोलनलाई सकारात्मक रूपमा लिएका छन् । नेपाली समाजमा बहुमत मात्र होइन जनताको दुईतिहाइ बहुमत नै कम्युनिष्ट वा वामहरूको समर्थनमा छन् भन्ने आम चर्चा छ । संसारभरि नै कम्युनिज्मविरोधी हावा र हुरी चलिरहेको अवस्थामा नेपालमा यो परिस्थिति कायम हुनु भनेको धेरै महत्वपूर्ण कुरा हो । यसको महत्वलाई नेपालका क्रान्तिकारीहरूले बुझेका छन् । साम्राज्यवादी र विस्तारवादीहरूले पनि यसको महत्वलाई राम्रैसँग बुझेका छन् । नेपालको राजनीतिमा साम्राज्यवादी र विशेषतः विस्तारवादीहरूको चलखेल र हस्तक्षेप जसरी बढिरहेको छ, त्यसले यो तथ्यको राम्रोसँग पुष्टि गर्दछ ।

दोस्रो पक्ष, कम्युनिष्ट वा वाम आन्दोलनभित्रैका अवसरवादी र विश्वासघाती नेताहरूलाई प्रयोग गरेर क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई नै विचलनमा लैजाने, भ्रष्ट पार्ने, तोडफोड गर्ने आदि काममा देशभित्रका र विदेशी प्रतिक्रियावादी शक्तिहरूले सक्रिय भूमिका खेल्दै आएका छन् । उनीहरूलाई यस काममा कहिले आंशिक र कहिले ठूला सफलताहरू प्राप्त हुने गरेका छन् । क्रान्तिकारी आन्दोलन एउटा उँचाइसम्म पुग्न सक्नु तर अन्तिममा धोका खाएर असफल हुनुको एउटा प्रमुख कारण पनि यही हो ।

गत असोजमा एमाले, माओवादी केन्द्रलगायतका दक्षिणपन्थी पार्टी र संगठनका बीचमा एकता भएर जुन गठबन्धन बन्यो, त्यसलाई अनौठो नाम दिइयो- 'वामपन्थी गठबन्धन ।' एमाले लामो समयदेखिको दक्षिणपन्थी पार्टी हो र माओवादी केन्द्र (माके) पछिल्लो चरणमा रूपान्तरित भएको दक्षिणपन्थी संगठन हो । दुईवटा दक्षिणपन्थी संगठन मिलेर बनेको गठबन्धन कसरी 'वामपन्थी गठबन्धन' भयो ? यो कतैबाट हिसाब गर्दा पनि पुष्टि हुँदैन । आखिर यो पनि देशी, विदेशी प्रतिक्रियावादी शक्तिहरूले अभ्यास गर्ने गरेको 'वामपन्थीको प्रयोग गरेर वामपन्थीलाई समाप्त पार्ने' नीतिको नै निरन्तरता हो । यसमा वामपन्थी आन्दोलनका विरुद्ध वामपन्थी नाम कै, 'वाम गठबन्धन' नामको हतियार प्रयोग गरिएको छ । कथित वाम गठबन्धन अब योजनाबद्ध रूपमा सच्चा वामपन्थीहरूलाई समाप्त पार्ने काममा अघि बढिरहेको देखिन्छ । केही दिनअघि मात्र विराटनगरमा एउटा वामपन्थी युवा संगठनले खुलारूपमा आयोजना गरेको संगठनको आन्तरिक कार्यक्रममा गरिएको प्रहरी हस्तक्षेपले यसको स्पष्ट संकेत गरेको छ । कथित वाम गठबन्धन सरकारका विरोधीहरूमाथि दमन गर्ने क्रियाकलाप बढ्दै गयो भने, यसले आफ्ना यस प्रकारका गतिविधिमा अझ विस्तार गर्दै गयो भने, यसलाई नियन्त्रण गर्न सकिएन भने यो गठबन्धन सरकारले सामाजिक फासीवाद लागू गर्ने कुरा निश्चित जस्तै देखिन्छ । 'वाम गठबन्धन'को प्रतिक्रियावादी चरित्र अब विस्तारै सतहमा आउँदै गएको छ । यसप्रकार, नेपालका सच्चा वामपन्थीहरूले 'वामपन्थी गठबन्धन' सरकारको विरुद्ध संघर्षमा उत्रनुपर्ने आवश्यकता बन्न गएको छ ।

**संक्रमणकालको अन्त्य भयो वा भएको छैन ?**

नेपाली समाज लामो समयदेखि संक्रमणकालबाट गुज्रिरहेको छ । यो संक्रमणकालको अन्त आफ्नो पक्षमा गराउनका लागि राजनीतिक शक्तिहरूका बीचमा प्रतिस्पर्धा पनि भयो । अन्तमा यो संघर्षमा प्रतिक्रियावादी पक्ष विजयी भएको जस्तो देखिएको छ । यसका निमित्त संशोधनवादी, प्रतिक्रियावादी, पश्चगामी, पुनरुत्थानवादी सबै शक्तिहरूका बीचमा एकता र समझदारी कायम भएको छ । यसमा साम्राज्यवादी र विस्तारवादी शक्तिहरू पनि सामेल भएका छन् । यो एकताको श्रृंखला संविधानसभाको विघटन र कथित दोस्रो संविधान सभाको निर्वाचनको बेलादेखि सुरु भएर नयाँ संविधान जारी गर्ने, निर्वाचन गराउने बेलासम्म कायम रहेको थियो । तीन चरणको निर्वाचन भैसकेपछि तिनीहरू सबै एकै स्वरमा चिच्याइरहेका छन् 'नेपालमा लामो समयदेखि चल्दै आएको संक्रमणकालको अन्त भएको छ ।'

के साँच्चै संक्रमणकालको अन्त्य भएकै हो त ? नेपालमा पछिल्लो चरणमा जुन संक्रमणकाल पैदा भएको थियो, त्यो क्रान्ति र प्रतिक्रान्तिका बीचमा भएको संघर्षका रूपमा अभिव्यक्त भएको थियो । कुनै समयमा क्रान्तिकारी पंक्तिभित्रै रहेका केही समुहहरू र तिनको नेतृत्वको आत्मसमर्पण र प्रतिक्रान्तिकारी कित्तामा रूपान्तरण भएको छ । अन्तर्राष्ट्रिय रूपमा कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको छ र त्यसको असर नेपालको क्रान्तिकारी आन्दोलनमा समेत परेको छ । यी सबै कारणले कम्युनिष्ट वा वामपन्थी आन्दोलन केही कमजोर भएको छ र अस्थायी रूपमा क्रान्तिकारी शक्तिले धक्का खाएको र प्रतिक्रान्तिकारी शक्ति हावी भएको देखिएको छ । यो एउटा श्रृंखलाको अन्त्य भएको मात्र हो कि संक्रमणकाल कै अन्त्य भएको हो ? निश्चित रूपमा एउटा श्रृंखलाको अन्त्य भएर नयाँ श्रृंखला सुरु भएको छ । एउटा पश्चगामी संविधान बनेको छ र त्यसका आधारमा तीन तहको निर्वाचन पनि भैसकेको छ । यसबाट प्रतिक्रान्तिलको एउटा कोर्ष पूरा भएजस्तो देखिन्छ । तर, यसले नेपाली समाजमा विद्यमान अन्तर्विरोधको समाधान गर्न सकेको छैन । नेपाली समाजका अन्तर्विरोध झन् चर्किंदै गएका छन् । क्रान्तिकारी शक्तिहरू तुलनात्मक रूपमा कमजोर जस्तो देखिए पनि सक्रिय रूपमा क्रियाशील छन् । क्रान्तिकारी आन्दोलनको विकास यतिखेर मात्रात्मक रूपमा अघि बढिरहेको छ । मात्रात्मक हुँदै गुणात्मक विकास हुने हो । मानिसको इच्छाभन्दा स्वतन्त्र यसको विकास भैरहन्छ र नेपालमा त्यो विकास भई पनि रहेको छ । त्यसकारण, अब संक्रमणकालको अन्त्य सदासदाका लागि भयो भन्ने प्रचार अवैज्ञानिक र असत्य हो ।

**लोकतान्त्रिक गणतन्त्र कि जनगणतन्त्र ?**

नेपालमा जारी भएको संविधानले यतिखेर लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्थालाई संस्थागत गरेको घोषणा गरिएको छ । यसलाई एकथरि मानिसहरूले 'नेपालमा विगतमा भएका क्रान्तिकारी आन्दोलनको माग पूरा भएको' भन्ने प्रचार धुमधामका साथ गरिरहेका छन् । यो भनाइ कति सत्य र कति असत्य हो ? नेपाली जनताको ठूलो हिस्सा अहिले पनि यस विषयमा अलमलमा परेको देखिन्छ । यस विषयमा नेपाली समाजमा ठूलो अन्योल छ । यसबारे स्पष्टताको निकै ठूलो खाँचो छ ।

०४७ सालमा जुन संविधान बनेको थियो, त्यसका निर्माता मुख्यतः एमाले र नेपाली कांग्रेस नै थिए । आफैले बनाएको संविधानप्रति स्वाभाविक रूपमा यी दुवै पार्टीको नेतृत्वदेखि तल्लो पंक्तिसम्म सन्तुष्ट नै देखिन्थे । ती पार्टीमा यसको विरोधको स्वर कतै पनि सुनिएको थिएन । अर्थात् एमाले र नेपाली कांग्रेसले राजतन्त्रात्मक संसदीय व्यवस्थालाई मानिसकेका थिए, त्यसैको पक्षमा उभिएका थिए । तर त्यो संविधानलाई तत्कालीन नेकपा (माओवादी)ले स्वीकारेको थिएन । यो पार्टीले राजतन्त्र र संसदीय व्यवस्था दुवैको अन्त्य गरी नेपालमा नयाँ जनवादी व्यवस्थाको स्थापनाका लागि ०५२ साल फागुन १ गते जनयुद्धको प्रारम्भ गरेको थियो । ०५२ साल फागुन १ गते जनयुद्धको उद्घोष गर्दाखेरिको पर्चा, पोष्टर र सम्पूर्ण दस्तावेजहरूबाट के स्पष्ट छ भने माओवादी जनयुद्धको माग लोकतान्त्रिक गणतन्त्र कदापि थिएन, नयाँ जनवादी गणतन्त्र यसको लक्ष्य रहेको स्पष्ट रूपमा घोषणा गरिएको थियो । त्यसैगरी तत्कालीन नेकपा (एकता केन्द्र-मसाल)ले पनि राजतन्त्रका विरुद्ध संघर्ष गर्दै आएको थियो ।

यसप्रकार, के प्रष्ट छ भने नेका र एमालेका लागि लोकतान्त्रिक गणतन्त्र सोचेको भन्दा ठूलो उपलब्धि थियो र संसदीय व्यवस्था त उनीहरूको महान् आदर्श नै भैगयो । तर, तत्कालिन नेकपा (माओवादी)बाट आएकाहरूले ' जनयुद्धको माग नै यही थियो' भन्ने दुस्प्रचार गर्दै यो पश्चगामी संविधानलाई उत्कृष्ट मान्नु चाहिँ आन्दोलनप्रतिको ठूलो विश्वासघात हो । यो उनीहरू प्रतिक्रियावादी कित्तामा समाहित भएको राम्रो प्रमाण हो ।

अब वामपन्थी आन्दोलनको दिशा के हुनु पर्दछ ? यो यतिखेरका लागि अहम् राजनीतिक महत्वको सवाल हो । माथि उल्लेख भैसकेको छ कि यतिखेर नेपालमा प्रतिक्रियावादी शक्तिको अस्थायी जित भएको छ । तर, सच्चा कम्युनिष्ट र वामपन्थी शक्तिले आत्मसमर्पण गरेका छैनन् र गर्ने पनि छैनन् । उनीहरू आफ्नो लक्ष्यमा झन् दृढ भएर अघि बढिरहेका छन् । अबको संघर्ष जनगणतन्त्रको प्राप्तिका लागि हुनेछ । क्रान्तिकारीहरूको रोजाइ जनगणतन्त्र हो भने प्रतिक्रियावादीहरूको रोजाइ संसदीय लोकतान्त्रिक गणतन्त्र हो । नेपाली समाजको आमूल परिवर्तनका लागि जनगणतन्त्रको स्थापना गर्नु नै यतिखेर नेपालका कम्युनिष्ट र वामपन्थी आन्दोलनको सही कार्यभार हो । जनगणतन्त्रको मागलाई केन्द्रमा राखेर अघि बढिरहेको सच्चा कम्युनिष्ट र वामपन्थी शक्ति नै वास्तवमा क्रान्तिकारी वैकल्पिक शक्ति हो । *०७४ फागुन १३ गते*

"हाम्रो निम्ति सोचिदिने दार्शनिकहरू र जुधिदिने श्रमजीवीहरू भएपछि संसारमा के कुनै त्यस्तो शक्ति हुन सक्ला जसले हाम्रो प्रगतिलाई रोक्न सक्छ ?"

*-फ्रेडरिक एन्जेल्स*



# सिद्धान्त र व्यवहारको द्वन्द्वात्मक सम्बन्ध-२

यसको लागि उक्त सिद्धान्तले आफूलाई ठोस वस्तुस्थितिको विश्लेषणमा आधाति राख्नु र आर्थिक विकास-क्रमद्वारा निर्दिष्ट मुक्तिको बाटोलाई देखाउनु पर्छ । यदि मार्क्सवादी-लेनिनवादीहरूको सैद्धान्तिक कार्य त्यस दिशातर्फ निर्देशित रहन्छ र यदि त्यसले जनमुक्ति

संघर्षका वास्तविक खाँचोहरूको पूर्ति गर्दछभने त्यहाँ सैद्धान्तिक र व्यावहारिक क्रियाकलापहरूबीच खाल्टोको सवाल उठ्न सक्दैन, बरु यी दुई मिलेर एउटै धारा बनदछन् । यी दुईबीच खाल्टो तब उत्पन्न हुन्छ, जब सैद्धान्तिक कार्यले आर्थिक विकास-क्रमद्वारा देखाइएको बाटोबाट भिन्नै बाटो पत्तालाउनमा आफूलाई लगाउँछ, बज त्यसले आन्दोलनले तात्कालिक कार्य-सूचीमा नराखेका नारा र संघर्षको तरिकालाई सो आन्दोलनमाथि थोपार्न खोज्छ वा जब तथाकथित नेताहरूले मनोगत आधारमा सैद्धान्तिक क्रियाकला चलाउँछ ।

अतः सिद्धान्त र व्यवहारबीचको सम्बन्ध स्वस्थकर तथा सुसंगत ढंगबाट विकसित हुनका लागि त्यसले दुईता चट्टानको बीचबाट आफ्नो बाटो बनाएर अघिबढ्नु पर्छ । तिनमा एउटा चट्टान हो जडसूत्रवाद, जसले सिद्धान्तलार्य व्यवहारबाट अलग पारे निर्जीव बस्तुमा फेरिदिन्ट । अर्को चट्टान हो संकीर्ण व्यवहारवाद, जसले व्यवहारलाई क्रान्तिकारी सिद्धान्तको मार्ग-दर्शनबाट वञ्चित पारेर लक्ष्यहीन र लंगडो बनाइदिन्छ र अध्याँरो खाल्टोमा जाकिदिन्छ ।

आफ्नो सुप्रसिघ रचना अन्तर्विरोधबारेमा माओ त्सेतुङले भन्नु भएको छः "सबै अन्तर्विरोधी चीजहरू अन्तर्सम्बन्धित छन्, तिनीहरू खास अवस्थामा एउटै सत्तामा एकसाथ रहने मात्र होइनन् बरु तिनीहरूले अर्को खास अवस्थामा आफूलाई एक अर्कोमा फेर्छन पनि । यो नै विरोधी पक्षहरूको एकताको पूरा अर्थ हो ।" सिद्धान्त र व्यवहारको सम्बन्धमा पनि यो कुरा साँचो रहन्छ ।

सिद्धान्त र व्यवहार अन्तर्विरोधका दुई विरोधी पक्ष हुन् । यी दुई पक्षहरू एकसाथ रहन्छन्, अन्तर-सम्बन्धित र अन्तर्निभर छन् र एकतामा बाँधिएर रहन्छन् । अन्तर्विरोधका यी दुई पक्षहरूमा, सामान्यतः व्यवहार प्रमुख पक्ष रहन्छ र यसले प्रमुख तथा निर्णयात्मक भूमिका खेल्दछ । व्यवहारको प्रमुखतामा बल दिनुर्भ मार्क्सले के भन्नुभएको छ भने सच्चा आन्दोलन एक दर्जन कार्यक्रमभन्दा बढी महत्वपूर्ण हुन्छ । तर यसको मतलब व्यवहार सँधैभरी र सबै अवस्थाहरूमा प्रमुख पक्ष रहन्छ



● कृष्णदास श्रेष्ठ ●

भन्ने होइन । अर्को खास अवस्थामा व्यवहारले सिद्धान्तको स्थान र सिद्धान्तले व्यवहारको स्थान लिन्छन्, अर्थात सिद्धान्त प्रमुख पक्ष रहन्छ र त्यसले प्रमुख तथा निर्णयात्मक भूमिका खेल्दछ । त्यो खास अवस्था त्यस्तो अवस्था हो, जब जनान्दोलनभित्र विभिन्न अवसरवादी विचारहरूले माक्सैवादी विचारको मार्का लगाई आफूलाई चल्तीको वस्तु बनाइरहेका हुन्छन्, जब आन्दोलनले आफूलाई दरो सैद्धान्तिक जगमा उभ्याउन सकेको हुँदैन र जब अधिकतमा क्षुद्र तथा संकीर्ण खालको व्यावहारिक क्रियाकलापले आफूलाई क्रान्तिकारी क्रियाकलापको रूपमा प्रस्तुत गरिरहेको हुन्छ । आज हाम्रो आन्दोलनभित्र मोटामोटी रूपमा यस्तै अवस्था विद्यमान छ । हाम्रो व्यावहारिक आन्दोलनले सही सैद्धान्तिक आधार पाएको छैन, मार्क्सवाद-लेनिनवादको चिन्हपार्टी राखेर अवसरवादी तथा संशोधनवादी विचारहरूको विक्री गरिंदैछ, हाम्रो आन्दोलनमा सैद्धान्तिक अस्पष्टता, अन्योल, प्रष्ट विचारको अभाव, आदि विद्यामान छन्, र उत्ताउलोपना तथा भावुकताले आन्दोलनको सही दिशामा विकासलाई बाधा दिएका छन् ।

अब, जन-मुक्तिका जोधाहाहरूका लागि क्रान्तिकारी सिद्धान्तको महत्वबारे छोटकरीमा चर्चा गरौं ।

मार्क्सवादी-लेनिनवादीहरू यथार्थतासित र यथार्थतालाई फेर्ने संघर्षमा लाग्ने मान्छे हुन् । उसको लागि जीवन कठिन संघर्षको एउटा क्षेत्र हो - यस्तो क्षेत्र जहाँ विपन्न र सम्पन्नहरूका बीचमा, शोषित र शोषकहरूको बीचमा थिचिने र थिचाहाहरूको बीचमा संघर्ष जारी छ । वर्तमान यथार्थतालाई फेर्नका लागि कुन कुरा अति आवश्यक छ भने उसले संघर्ष जारी छ । वर्तमान यथार्थतालाई फेर्नका लागि कुन कुरा अति आवश्यक छ भने उसले त्यसलाई सही ढंगबाट बुझ्नु, त्यसलाई फेर्ने संघर्षका अवस्थाहरूबारे र सफलताका लागि लिनुपर्ने बाटोबारे स्पष्ट जानकारी राखून् । संसारलाई फेर्न चाहनेले त्यसलाई सही रूपबाट बुझ्नु र सही बाटोको अनुसरण गर्नु आवश्यक छ । मार्क्सवादी-लेनिनवादी सिद्धान्त संसारलाई बुझ्न र फेर्नका लागि एउटा अपरिहार्य साधन हो । यस सिद्धान्तले हामीले संसारलाई बुझ्ने र फेर्ने काममा नभई नहुने सहायता र साथै शोषण तथा थिचोमिचोको विरुद्ध, मानव-मुक्तिका लागि सफलतापूर्वक संघर्ष गर्ने क्षमता प्रदान गर्छ ।

सच्चा सर्वहारा जोधाहा बन्ने हो भने हााम्रो लागि चाहिने सबभन्दा प्रमुख कुरा मार्क्सवादी-लेनिनवादी विश्व-दृष्टिकोण हो । यस दृष्टिकोणले हामीलाई हाम्रो व्यावहारिक-राजनैतिक तथा सामाजिक क्रियाकलापमा धेरै सहयोग पुऱ्याउँछ । जुन परि स्थितिमुनि रहेर हामी काम गर्छौं सो परिस्थितिलाई ठीकसित र राम्ररी बुझ्ने, भविष्यका सम्भावनाहरूलाई ठीक ढंगले देख्ने-बुझ्ने, व्यावहारिक संघर्षमा आईपर्ने समस्याहरू सही *...बाँकी ७ पेजमा*

# नयाँ जनवाद भर्सेज समाजवाद



● हस्तबहादुर के.सी ●

आगामी २०७५ साल वैशाख ९ (सन् २०१८ अप्रिल २२) गते नेपाली कम्युनिष्ट आन्दोलनले ६८ वर्ष पूरा गरेर ६९ वर्षमा प्रवेश गर्दैछ । यति लामो ऐतिहासिक अवधिमा यस आन्दोलनभित्र वर्गसंघर्ष, जनसंघर्ष र अन्तरसंघर्षका अनेकौं जटिल, बाङ्गाटिङ्गा र कहालिलाग्दा घुम्तीहरू रहेका छन् । यद्यपि यो आन्दोलन लामो समय पहिलेदेखि अनेकौं समूह-उपसमूहहरूमा विभाजित अवष्यै रह्यो ।

अतः सारमा यस आन्दोलनभित्र क्रान्तिकारी र संशोधनवादी दुई परस्पर विरोधी धाराकै द्वन्द्व प्रमुख बनेर आएको छ ।

आज नेपाली कम्युनिष्ट आन्दोलनको दक्षिणपन्थी-संशोधनवादी सुधारवादी-नवसंशोधनवादी धारा एमाले-माले प्रतिनिधित्व गरेको थियो र अहिले दुवै विघटित हुन पुगेको छ । आफूलाई मिलेरावादी-ख्रश्चोभपन्थी नेपाली नवसन्तानको रूपमा जन्मेर विकसित हुँदै विजातीय कित्तामा समेत सामेल गर्दै दक्षिणपन्थी एवं आधुनिक संशोधनवादी धारामा गुणात्मक ढंगले फड्को हान्न पुगेको छ र दलाल तथा पुँजीपतिवर्ग, नोकरशाह तथा सामन्तवर्गको राज्यसत्ताको उपरिढाँचामा पुगेर प्रतिक्रियावादी सत्ताको प्रमुख शक्ति बन्न पुगेको छ भने यसको ठीक विपरीत वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारा, जो नेकपा (क्रान्तिकारी माओवादी) ले प्रतिनिधित्व गर्दै आएको छ, ले आज मार्क्सवादी-लेनिनवादी माओवादीका रूपमा गुणात्मक ढंगले विकसित हुँदै महान् दशवर्षे जनयुद्धको आधारमा सशस्त्र जनविद्रोहमार्फत् महान् नेपाली जनवादी क्रान्ति पूरा गरेर वैज्ञानिक समाजवाद हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्ने प्रतिबद्धताका साथ विशिष्ट कार्यदिशा, नीति तथा कार्यक्रम निश्चित गरेर महान् नेपाली नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने प्रतिबद्धताका साथ अगाडि बढिरहेको छ । र देशभर छितरिएर रहेका क्रान्तिकारीहरूलाई क्रान्तिकारी ध्रुवीकरण र एकताबद्ध गरेर क्रान्तिकारी नेतृत्व प्रदान गर्ने नीति अवलम्बन गरेर अगाडि बढिरहेको छ ।

यसरी आज नेपाली कम्युनिष्ट आन्दोलन क्रान्तिकारी धारा र दक्षिणपन्थी संशोधनवाद एवं सुधारवादी नवसंशोधनवादी धारा गरी दुई विपरीत धारामा स्पष्ट रूपमा कित्ताबन्दी बन्न पुगेको छ ।

माके एमालेमा विलय हुनु र माके-एमाले दुवै विघटित हुन पुगेर नेपाली कम्युनिष्ट आन्दोलन भित्रका दिमाइ सन्तानका रूपमा पैदा हुन पुगेपछि क्रान्तिकारीहरूका सामु अवसर र चुनौतिहरू सँगसँगै जोडिएर आएको अवस्था छ । आज यस आलेखमा विशेषगरी नयाँ जनवाद भर्सेज समाजका विषयमा छलफल गर्ने र एउटा संश्लेषणमा पुग्नुपर्ने प्रयत्न गर्न खोजिएको छ ।

हामी यतिबेला महान् नेपाली नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवाद हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्ने लक्ष्य र उद्देश्यका साथ अगाडि बढिरहेका छौं । हाम्रो क्रान्तिको न्यूनतम कार्यक्रम नयाँ जनवाद हो भने अधिकतम कार्यक्रम वैज्ञानिक समाजवाद र साम्यवाद हो । हाम्रो महान् यो यात्रा वैज्ञानिक साम्यवादमा पुगेर मात्र टुंगिने छ ।

हाम्रो देश नेपाल आजसम्म पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामै छ । यसप्रकारको अवस्थामा हामीले क्रान्ति भनेको नयाँ जनवादी क्रान्ति नै हो । यस विषयमा छलफल गर्नुभन्दा पहिले हामीले यो कुराको जानकारी लिन जरुरी छ कि वि.सं. २००६ साल वैशाख १० (सन् १९४९ अप्रिल २२) गते कमरेड पुष्पलालको पहलकदमी र नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । २००६ साल वैशाख १२ गते नेकपाको पहिलो पर्चा प्रकाशित भयो । त्यसमा नेपाली समाजको वर्ग विश्लेषण गरिएको छ र त्यहाँ 'नेपाल एक अर्ध सामन्ती र अर्ध औपनिवेशिक मुलुक हो । र यस देशमा गरिने क्रान्तिको चरित्र नौलो जनवादी हुने छ' भनिएको छ । उक्त विश्लेषण ठीक थियो ।

२०२५ सालमा नेकपा (पुष्पलाल)द्वारा आयोजित तेस्रो राष्ट्रिय सम्मेलनले पनि नौलो जनवादी क्रान्तिको कार्यक्रम पारित गऱ्यो ।

महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने उद्देश्य राखेर २०५२ साल फागुन १ गतेदेखि तत्कालीन नेकपा (माओवादी) ले सशस्त्र जनयुद्धको थालनी

गऱ्यो । महान् जनयुद्ध दश वर्षसम्म सञ्चालित भयो ।

२०६२ असोजमा सम्पन्न चुनवाङ बैठकबाट तत्कालीन नेकपा (माओवादी) ले नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई स्थापित गरेर 'लोकतान्त्रिक गणतन्त्र' को कार्यदिशा ठोस गरेर शान्तिप्रक्रियामा प्रवेश गरेको १२ वर्षको यो अवधिमा जनयुद्धको नेतृत्व गर्दै आएको पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गर्दैआएको नेकपा (माके) २०७४ फागुन ७ गते मध्यरात नेकपा (एमाले) विलय हुन पुग्यो भने त्यस समूहबाट २०६९ असारमै सम्बन्ध-विच्छेद गरेर चर्चित बौध भेलामार्फत बनेको नेकपा -माओवादी हुँदै आज नेकपा

(क्रान्तिकारी माओवादी) जो माथि पनि उल्लेख गरिएको छ, ले महान् नेपाली क्रान्तिको न्यूनतम नयाँ जनवाद र अधिकतम कार्यक्रम वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लक्ष्य, उद्देश्यहरू सुनिश्चित गर्दै र वर्तमान नेपाली समाजको ठोस वर्गविश्लेषण गरेर क्रान्तिकारी नेतृत्व प्रदान गरिरहेको छ । यो नै सही कार्यक्रम हो ।

अर्कोतिर विघटित माके र एमालेको मिश्रित तत्वले पनि समाजवादको प्रचार गरिरहेको छ । र वर्तमान प्रतिक्रियावादी संविधानमा समेत समाजवाद उन्मुख एउटा प्रावधान राखेको छ र त्यसैमाथि टेकेर समाजवादको सल्लाह मच्चाउने र मुलुकको समृद्धि गर्ने झुठ प्रचार गर्दै दलाल तथा पुँजीपतिवर्गको नेतृत्व गर्दै सरकारको नेतृत्वसमेत गर्न पुगेको छ । र, यसले पनि नेपाली जनताका बीचमा समाजवादको विभ्रम पैदा गरेको छ ।

त्यस्तै नेत्रविक्रम चन्द 'विप्लव'ले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टीले पनि नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई परित्याग गरेर वैज्ञानिक समाजवादको कार्यक्रम पारित गरेको छ । उसको आठौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा अगाडि भनिएको छ- 'हामीले विगतमा अर्धसामन्तवाद र अर्धउपनिवेशवाद भएकाले क्रान्तिको कार्यदिशा नयाँ जनवाद निर्माण गरेका थियौं । तर दश वर्षको जनयुद्ध, गणतन्त्रको स्थापना, दलाल पुँजीवादको स्थापना, नवऔपनिवेशिक अवस्था आदि कारणले गर्दा अब नेपालको राजनीतिक कार्यक्रम नयाँ जनवाद मात्र बनाउँदा अपूर्ण हुन्छ र पछि पर्न जान्छ । अर्कोकुरा नयाँ जनवाद कुनै लामो र स्थायी चरण पनि होइन । यो केवल समाजवादमा प्रयोग गर्ने खुड्किलो मात्र हो । कम्युनिष्टहरूको आधारभूत राज्यव्यवस्था भनेको वैज्ञानिक समाजवादी व्यवस्था नै हो । माओकै उदाहरण लिँदा पनि सन् १९४९ मा क्रान्ति गर्नुभयो र नयाँ जनवाद लागु गर्नुभयो । यसर्थ, हामीले अबको राजनीतिक कार्यक्रम विगतकै जस्तो नयाँ जनवादी मात्र भन्नु वस्तुवादी हुँदैन, वैज्ञानिक समाजवादी बनाउनु वैज्ञानिक र वस्तुवादी हुन्छ । वस्तुवादी कार्यक्रम निर्माण गरेर नै क्रान्तिको वरिपरि नयाँ मित्र र सहयोगी शक्तिहरूलाई ध्रुवीकृत र एकताबद्ध गर्न सकिन्छ । तसर्थ नेपालको आउँदो राजनीतिक कार्यक्रम वैज्ञानिक समाजवादी अपनाउनुपर्छ ।'

यसको ठीक विपरीत नेकपा (क्रान्तिकारी माओवादी) ले गत २०७४ असोजमा सम्पन्न राष्ट्रिय सम्मेलनमा पारित राजनीतिक प्रतिवेदनमा अगाडि भनिएको छ, नेपाल अझै अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहिआएको र दलाल, नोकरशाही पुँजीपति एवम् सामन्त वर्ग र साम्राज्यवाद तथा विस्तारवादद्वारा हुँदै आएको आर्थिक, राजनीतिक तथा साँस्कृतिक उत्पीडनको मारमा परेकाले देश तथा जनतालाई यसप्रकारको अवस्थाबाट मुक्त गर्नका लागि नयाँ जनवादी क्रान्ति अनिवार्य रूपमा आवश्यक छ ।

पार्टीको आम कार्यदिशा, नीति तथा कार्यक्रम नयाँ जनवादी क्रान्तिको दिशामा परिलक्षित रहेको छ । नेपालमा सर्वहारावर्गको नेतृत्व र मजदुर किसान एकता एवम् सबै उत्पीडित जनसमुदायको संयुक्त अधिनायकत्वमा नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्ने पार्टीको मूल राजनीतिक रणनीति हो । यस प्रकारको राज्यसत्ताको स्थापनाका लागि नेपालमा सम्पन्न विभिन्न जनसंघर्ष, सशस्त्र संघर्ष तथा मुख्यतः दश वर्षको जनयुद्धका आधार तथा अनुभव र नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको सामरिक कार्यदिशा अवलम्बन गर्नु पर्दछ । यही नै नेपाली क्रान्तिको बाटो हो ।

पार्टीको उक्त आधारभूत कार्यदिशा, नीति तथा कार्यक्रमको कार्यान्वयन र उद्देश्य प्राप्तिका लागि विशिष्ट कार्यदिशा, नीति र कार्यक्रमको आवश्यकता पर्दछ । यस प्रकारको कार्यदिशा, नीति र कार्यक्रम राष्ट्रिय स्वाधीनताको रक्षा, जनताको जनतन्त्र तथा जनजीविकाका आधारभूत समस्याको समाधानका उपायहरूसित जोडिन पुगेका छन् । संघीय जनगणतन्त्रको स्थापना, राष्ट्रिय स्वाधीनताको रक्षा र जनजीविकाका समस्याहरूको समाधानका लागि संघर्षरत रहनु नै वर्तमान स्थितिमा पार्टीको मूल राजनीतिक कार्यनीति हो । हाम्रो यस कार्यनीतिले रणनीतिको सेवा गर्नुपर्दछ । पार्टीको मूल कार्यनीति भनेको पार्टीको मूल राजनीतिक आचरण पनि हो । यस प्रकारको कार्यनीति संगठन र संघर्षका खुला र गुप्त, कानुनी र गैरकानुनी रूपहरूको सही विन्यासका साथै गाउँ र शहर तथा राष्ट्रिय र अन्तर र्ष्ट्रिय काम आदिको समुचित तालमेलसित सम्बन्धित रहेको छ ।

अतः यसरी आज नयाँ जनवाद भर्सेज समाजवादका बीचमा नेपाली कम्युनिष्ट आन्दोलनभित्र र आम आमूल परिवर्तनकारी जनताका बीचमा व्यापक छलफल र बहसको विषय बनेको छ ।

यी विषयहरू सतहमा आइसकेपछि नयाँ जनवाद भनेको के हो ? पुरानो जनवाद *...बाँकी ८ पेजमा*

# गतिशील इतिहासको वेगलाई भ्रमको पर्दाले छेक्न सक्दैन



● पुष्प गोपाल श्रेष्ठ ●

नेपालको वर्तमान अवस्थालाई कायम राखी इतिहासको गतिलाई रोक्न खोज्ने वर्गहरू भनेका सामन्त, दलाल नोकरशाही पुँजीपति वर्गहरू हुन् । यिनीहरू साम्राज्यवाद तथा भारतीय विस्तारवादको आड-भरोसामा नेपालका शासकवर्ग बनेका छन् । यो वर्गलाई पराजित नगरेसम्म देश अगाडि बढन सक्तैन । किसान, मजदुर, श्रमिक, प्रगतिशील बुद्धिजीवी तथा अन्य सबै उत्पीडित वर्गहरूको मुक्ति, प्रतिक्रियावादी वर्गहरूको हितसँग टकराएको छ । आजको तात्कालिक अन्तरविरोध नै यही हो । यसको समाधान नयाँ जनवादी क्रान्ति नै हो । यसको संश्लेषित रूप नै नयाँ जनवादी व्यवस्था हो ।

इतिहासले हाम्रो सामु जन क्रान्तिकारी अभिभारा प्रस्तुत गरेको छ, त्यसको केन्द्रीय तथा मूल विषय जनवाद प्राप्त गर्नु हो । तब के जनवादमाथि जोड दिनु गलत हो त ? मलाई लाग्छ त्यसो गर्नु गलत होइन । एउटा महान् क्रान्तिको लागि एउटा महान् क्रान्तिकारी पार्टी र अब्वल दर्जाका धेरै कार्यकर्ताहरूको खाँचो पर्छ । लगभग साढे तीन चार करोड जनसंख्या भएको नेपालमा यदि नेतृत्व एउटा सानो, साँघुरो गुटको हातमा रहन्छ भने र यदि पार्टीका नेता र कार्यकर्ताहरू छुद्र, बुद्धिका, अदूरदर्शी र अयोग्य छन् भने इतिहासमा अभूतपूर्व हाम्रो महान् क्रान्तिलाई पूरा गर्न असंभव हुन्छ । त्यसो त पार्टीमा असल नेता र कार्यकर्ताहरू नभएका हैनन् । तर त्यसको संख्या पर्याप्त छैन । मुलुकभरि हाम्रा पार्टी संगठनहरूलाई विस्तारित गर्नु पर्छ र हामीले सचेत रूपमा हजारौं कार्यकर्ताहरू र अब्वल दर्जाका सयौं नेताहरूलाई प्रशिक्षित पार्नु पर्छ । यी कार्यकर्ता र नेताहरू मार्क्सवाद-लेनिनवाद-माओवादमा पोख्त, राजनैतिक दृष्टिले दूरदर्शी, काममा दक्ष, आत्मवलिदानको भावनाले परिपूर्ण, स्वतन्त्र रूपले समस्याहरू हल गर्न समर्थ, कठिनाइ आइपर्दा अडिग र राष्ट्र, वर्ग तथा पार्टीको सेवामा समर्पित तथा इमान्दार हुनु पर्छ । यस्ता नेता र कार्यकर्ताहरूमाथि भरोसा राखेर नै पार्टीले आफ्ना सदस्यहरू र आम जनतासित सम्बन्ध स्थापना गर्छ र आम जनतामा उनीहरूको दरो नेतृत्वमाथि भरोसा राखेर नै पार्टीले शत्रुलाई पराजित गर्न सक्छ ।

इतिहासले हामीलाई के बताउँछ भने सही राजनैतिक तथा कार्यदिशाको उत्पत्ति र विकास स्वयंस्फूर्त तथा शान्तिपूर्ण ढंगबाट हुँदैन, बरु संघर्षको क्रममा हुन्छ । यी कार्यदिशाहरूले एकातिर "बामपंथी" अवसरवादको विरुद्ध र अर्कोतिर दक्षिणपंथी अवसरवाद विरुद्ध संघर्ष गर्नुपर्छ । क्रान्ति र क्रान्तिकारी युद्धलाई क्षति पुऱ्याउने यस्ता हानीकारक प्रवृत्तिहरूको विरुद्ध नगरीकन र त्यसलाई पूरासित खत्तम नपारिकन सही कार्यदिशा स्थापना गर्नु र युद्धमा विजय प्राप्त गर्नु असंभव हुनेछ ।

देशको वर्तमान राजनैतिक वस्तुस्थिति अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक नवऔपनिवेशिक स्थिति छ र राज्यसत्ता साम्राज्यवाद विस्तारवादका दलाल नोकरशाही पुँजीवादी र सामन्तवादीहरूको हालिमुहालि रहिआएको छ । देशमा यस्तो स्थिति कायम भई आइरहनुको मूल कारक तत्व(कारण) भनेको साम्राज्यवादी विस्तारवादीहरूको नेपालमाथि अनाधिकार राजनैतिक हस्तक्षेप नै हो । त्यसमाथि अझ विशेषतः भारतीय विस्तारवादीहरूको अभिप्राय नेपाललाई भुटानीकरण गर्दै पुरै सिक्किमीकरण गर्न हिजो-आज तीब्र रूपले सीमा अतिक्रमण गर्नुका साथै राजनैतिक हस्तक्षेपमा उद्धत रहिआएको स्थिति छ । जसको प्रतिरोध गर्नका लागि नयाँ जनवादी क्रान्ति नै मूल विषय हो, र जनवादी क्रान्तिको लागि काम गर्नुको अर्थ भारतीय विस्तारवादको प्रतिरोध गर्नका लागि काम गर्नु हो । प्रतिरोध र आन्तरिक शान्ति, जनवाद र आन्तरिक शान्ति एक अर्कोमाथि निर्भर रहेझैं, प्रतिरोध र जनवाद पनि एक अर्कोमाथि निर्भर छन् । जनवाद प्रतिरोधको ग्यारेण्टी हो र विस्तारवादको प्रतिरोध गरेर नै नयाँ जनवादी क्रान्तिको विकासका लागि अनुकूल अवस्थाहरू पैदा हुन सक्छन् ।

नेपालको क्रान्तिकारी युद्ध अर्थात नयाँ जनवादी क्रान्तिका मुख्य शत्रुहरू साम्राज्यवाद, भारतीय विस्तारवाद र तिनका दलाल नोकरशाही पुँजीवादी तथा सामन्तवादी (प्रतिक्रियावादी राज्यसत्ता) शक्तिहरू हुन् । नेपालका पुँजीपति वर्गले क्रान्तिमा भाग लिन सक्छ मात्र होइन, विगतमा भएगरेको क्रान्तिकारी आन्दोलनहरूमा पुँजीपतिहरू नेतृत्व तहमै थिए । तर, यिनीहरूको आफ्नो वर्गीय स्वार्थपना र राजनैतिक तथा आर्थिक स्वतन्त्रताको अभावले गर्दा स्वभावतः यो वर्गको नेपालमा क्रान्तिकारी आन्दोलनलाई पूर्ण विजयको बाटोतर्फ लैजाने सोच नै थिएन र लैजान सक्ने कुरो पनि भएन, र त यिनीहरूले बिगतमा हर क्रान्तिलाई सम्झौता टुङ्ग्याउँदै आएका हुन् । यिनीहरूको दाँजोमा नेपालका आम किसान जनता र आम शहरी निम्न पुँजीपतिहरू क्रान्तिकारी आन्दोलनहरूमा सक्रिय रूपले भाग लिन र क्रान्तिलाई पूर्ण विजयसम्म बढाउन अन्कनाउँदैन र बढाउन चाहन्छन् । वास्तवमा भन्ने हो भने यिनीहरू क्रान्तिका मुख्य शक्ति मध्येका एक शक्ति हुन्, फेरि यसो हुँदाहुँदै पनि यिनीहरू सानो मात्राका उत्पादक भएकोले उनीहरूको राजनैतिक दृष्टिकोण सिमित रहेको हुन्छ, जस्ले गर्दा उनीहरू क्रान्तिमा सही नेतृत्व प्रदान गर्न असमर्थ छन् । तसर्थ नेपालमा अब हुने क्रान्ति, नयाँ जनवादी क्रान्तिको नेतृत्व अनिवार्य रूपले नेपाल कम्युनिष्ट पार्टी(क्रान्तिकारी माओवादी)को काँधमाथि परेको छ ।

खासमा भन्ने हो भने, यस युगमा सर्वहारावर्ग र कम्युनिष्ट पार्टीको नेतृत्व प्रभाव भएमा वा सो नेतृत्वको विपरित भएमा कुनै पनि क्रान्ति निश्चित रूपले पराजित हुनेछ । अर्ध-औपनिवेशिक नेपालमा भएका सबै सामाजिक तह र राजनैतिक समूहहरूमा, सर्वहारावर्ग र कम्युनिष्ट पार्टी (नेपालको सन्दर्भमा नेपाल कम्युनिष्ट पार्टी "क्रान्तिकारी माओवादी") नै संकिर्णता र स्वार्थपरताबाट अत्याधिक रूपमा मुक्त छन् । ती राजनैतिक दृष्टिले सबभन्दा दूरदर्शी छन् । ती सबभन्दा संगठित हुनुकोसँगै ती संसारका अग्रणीवर्ग सर्वहारावर्ग र त्यसको राजनैतिक पार्टीको अनुभवबाट खुल्ला दिलले सिक्न र आफ्नो लक्ष्यमा सो अनुभवको प्रयोग गर्न सबभन्दा तत्पर छन् । सर्वहारावर्ग र कम्युनिष्ट पार्टीले मात्र किसानवर्ग, शहरी निम्न पुँजीपतिवर्ग र पुँजीपतिवर्गको नतृत्व गर्न सक्छन्, साथसाथै किसानवर्ग तथा निम्न पुँजीपतिवर्गको संकिर्णता र पुँजीपतिवर्गको ढूलमूलपना र पूर्णताको अभावलाई पनि हताउन सक्छन र क्रान्ति तथा जनवादी युद्धलाई विजयको बाटोमा अघि बढाउन सक्छन् ।

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) साढे तीन-चार करोड जनसंख्या भएको विश्व मानचित्रभित्रको एउटा सानो तर महान् राष्ट्रमा महान् क्रान्तिकारी संघर्षको नेतृत्व गर्ने पार्टी हो । यसकारण क्रान्तिकारी कम्युनिष्ट पार्टीका नेतृत्वदाइ क्याडरहरूमा योग्यता र राजनैतिक इमान्दारीताले सुसज्जित हुनु जरुरी छ । र यस प्रकारको गुणयुक्त नेतृत्वदाइ क्याडरहरूको व्यापक संख्याबिना यसले आफ्नो ऐतिहासिक अभिभारा 'नयाँ जनवादी क्रान्ति' पुरा गर्न सक्दैन । भन्नु नै पर्दा महान् जनयुद्ध सुरुदेखि यता बाईस तेइस वर्षको समयावद्धि भित्र देशमा बितेका राजनैतिक उथलपुथलले पार्टीका नेता तथा कार्यकर्ताहरूलाई सैद्धान्तिक एवम् व्यवहारिक राजनीतिक तालिम दिएको छ, जसले गर्दा नेकपा (क्रान्तिकारी माओवादी)मा राजनैतिक र साँस्कृतिक क्षेत्रमा अझ भनौं सैनिकी ज्ञान तथा पार्टीको कार्य र जनकार्यको क्षेत्रमा सहजढङ्गले काम गर्न सक्ने सुयोग्य क्याडरहरूको खाका तयार भएको अनुभूति त छ । तरपनि सिंगो पार्टीको आत्मगतस्थिति अझै सुदृढ भइनसकेको वर्तमान स्थितिमा हाम्रो संघर्ष (नयाँ जनवादी क्रान्ति)को विशाल लक्ष्य र उद्देश्य धान्नको निम्ति यो खाका आवश्यक अनुरूप दरिलो र जुझारु देखिएका छैनन् । तसर्थ पार्टीगत सांगठनिक संरचनालाई सुदृढ तुल्याउँदै, क्याडरहरूलाई आजको आवश्यक्ता अनुरूप अझ व्यापकस्तरमा प्रशिक्षण चलाउँदै पार्टीको आत्मागतस्थितिलाई सुदृढ तुल्याउनु नितान्त जरुरी छ ।

यहाँ जग-जाहेर कुरा के पनि हो भने, जबसम्म जनताको परिवर्तनकारी राजनीतिक चेतना जागृत हुँदैन तबसम्म प्रतिक्रियावादी वर्गहरूले फाइदा लिइरहेको हुन्छन् । यसलाई चिरेर जान जनतामा राजनीतिक चेतना जगाउनु आवश्यक छ र यो भाषण र राजनीतिक नाराहरूबाट मात्र सम्भव हुँदैन । देश र जनताको आधारभूत समस्यालाई सत्ताको राजनीतिसँग गाँसेर क्रान्तिकारी वर्ग संघर्षको लहर ल्याएर मात्र यो सम्भव हुन्छ । यो बाटो सहज र सरल छैन, तर यो मार्ग अवलम्बन नगरी देशको उज्जवल भविष्यतिर जाने अरु कुनै विकल्प छैन ।

हामीले हाम्रो मथिङ्गलमा अमित छाप हुनेगरी राख्नु पर्ने कुरो भनेको नयाँ जनवादी क्रान्तिको दृढ रूपमा नेतृत्व गर्नु वैज्ञानिक समाजवादको विजयका लागि पूर्वसर्त हो । हामी अहिले नयाँ जनवादी क्रान्तिको चरण पार गरेर वैज्ञानिक समाजवादको लागि लडने तयारीमा छौं, र भविष्यको त्यस महान् लक्ष्यतर्फ हाम्रो वर्तमान प्रयत्न निर्देशित रहेको छ । हामी सो लक्ष्यलाई आफ्नो दृष्टिबाट अल्पन र ओझल हुन दिन्नौं किनकि हामीलाई थाहा छ उक्त लक्ष्यलाई आफ्नो दृष्टिबाट अल्पन र ओझल हुन दियौं भने हामी कम्युनिष्ट रहने छैनौं । फेरि त्यस्तै यदि हामी वर्तमान प्रयत्नलाई शिथिल हुन दिन्छौं भने पनि हामी कम्युनिष्ट रहने छैनौं ।

क्रान्ति एउटा विज्ञान हो । यसको निम्ति साहस र शौर्यको पनि खाँचो पर्छ । क्रान्ति कुनै गजेँडीहरूको गफ होइन, न यो व्याख्या र विश्लेषण मात्र हो । गतिशिल इतिहासको वेगलाई भ्रमको जालले (पर्दाले) छेक्न सक्तैन । तसर्थ नयाँ जनवादी व्यवस्थाका पक्षधरहरूले संसदीय रमझमबाट मुक्त भई गम्भिर रूपमा सोच्नु आजको आवश्यकता र इतिहासको चुनौति पनि हो ।

भौतिक जगतको इतिहासमा क्रान्तिको सिलसिला लामो छ । एउटा वर्गको प्रधानता(प्रभुत्व)बाट अर्को वर्गको प्रभुत्वमा परिवर्तन हुनु संघर्षको एउटा सिलसिला हो, अर्थात जनवादी क्रान्ति जनवादी गणराज्यको नारा अन्तर्गत अनेक चरणहरूबाट विकसित हुन्छ । यो क्रान्तिको यथार्थता हो । नेपालको वर्तमान राजनैतिक वस्तुस्थिति अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक नवऔपनिवेशिक स्थिति नै छ र त्यसैगरी राज्यसत्तामा पनि दलाल नोकरशाही पुँजीवादी तथा सामन्तवादीहरूको प्रभुत्व कायम रहिआएको स्थितिबाट देश र जनतालाई मुक्ति र स्वतन्त्रताको निम्ति नयाँ जनवादी क्रान्ति अनिवार्य सर्त हो । जनवादी क्रान्ति के कुरामा निर्भर रहन्छ भने कम्युनिष्ट पार्टीले सर्वहारावर्गकासाथै किसानवर्ग तथा शहरी निम्न-पुँजीपतिवर्गको राजनैतिक चेतना तथा संगठनको स्तर उठाउनुमा छ ।

किसानवर्ग सर्वहारावर्गको अत्यन्तै भरपर्दो र दरो सहयोगी हो र साथै त्यसको अर्को सहयोगी शहरी निम्न-पुँजीपतिवर्ग हो । नेतृत्वको सन्दर्भमा भन्नुपर्दा नेतृत्वको लागि हामीसित जोरी खोज्ने वर्ग पुँजीपतिवर्ग हो यी पुँजीपतिवर्गको सम्झौता परस्त सोच (चरित्र) हुनुको कारण क्रान्तिलाई टुङ्गोमा पुऱ्याउने सोचको अभावलाई नियन्त्रण गर्न जरुरी छ । जसको निम्ति हामीले आम जनताको तागत र आफ्नो क्रान्तिकारी नीतिको औचित्यमाथि भरोसा राखेर निर्भियतासाथ क्रान्तिकारी पहलकदमीकासाथ अगाडि बढ्नु पर्छ । अन्यथा पुँजीपतिवर्गले नेतृत्व हत्याउने छ । यसो भनेर फेरि जनवादी क्रान्तिको चरणमा पुँजीपतिवर्गको सहभागितालाई अस्वीकार गर्नु ठिक होइन । जनवादी क्रान्ति भन्नु नै एक प्रकारको पुँजीवादी जनवादी क्रान्ति हो र यसमा राष्ट्रिय पुँजीपतिवर्गको सहभागिता हुन्छ र हुनु जरुरी छ । क्रान्तिमा पुँजीपतिवर्गको सहभागिता अस्थाई मात्र हुन सक्छ भन्ने आधारमा त्यसको सहभागितालाई अस्वीकार गर्नु र राष्ट्रिय पुँजीपतिवर्गको भारतीय विस्तारवाद विरोधी अङ्गसितको सहकार्य(मेल)लाई (अर्ध-औपनिवेशिक मुलुकमा) आत्मसमर्पणवाद भन्नु ट्राटस्कीपंथी हो र यस्तो दृष्टिकोणसित हामी सहमत हुनुहुन्न र हुन सक्दैन । वास्तवमा भन्ने हो भने यस्तो सहकार्य(मेल) समाजवादमा पुग्नका लागि एउटा अत्यावश्यक पुल हो ।

विश्व-सर्वहारावर्गका शत्रुहरू अर्थात साम्राज्यवाद, विस्तारवाद र प्रतिक्रियावादी, नेपाली गद्दारहरू, साम्राज्यवाद विस्तारवादीका समर्थक तत्वहरू र ट्राटस्कीयपंथीहरू नेपालमा सदा राजनीतिक अस्थिरता कायम गरी सिंगो नेपाली भूमिलाई खेल मैदानमा परिणत गरेर आफ्नो स्वार्थ सिद्ध गर्न चाहन्छन् । हामी न्यायप्रेमी स्वतन्त्रकामी, तमाम् क्रान्तिकारी जनसमुदाय, ती दुष्ट कुकर्मीहरूको दूरासयपूर्ण हरकतप्रतिको जन-आक्रोसलाई क्रान्तिकारी आँधीबेरीमा परिणत गरी, त्यस्ता हरामखोरहरूलाई बहुला कुकुरलाई लखेते झैं लखेतेर धुलो चटाउँदै, अर्का भारतीय विस्तारवादका पाल्तु कुकुर(दलाल) ती प्रतिक्रियावादी सत्तासिनहरूको देश तथा जनविरोधी राज्यसत्ता ध्वस्त पार्न, मालेमावादी पथप्रदर्शनलाई अनुसरण गर्दै नेपाली भू-राजनीतिको मौलिकतामा आधारित रही नयाँ जनवादी क्रान्तिलाई उत्कर्षमा पुऱ्याउनु जरुरी छ र जरुरी छ नेपाली जनताको आवश्यकता र अत्कांक्षा अनुरूप नयाँ जनवादी जनगणतन्त्रीय राज्य-व्यवस्था निर्माण गरी यसै मार्फत सर्वहारावर्गीय अधिनायकवादमा आधारित वैज्ञानिक समाजवाद हुँदै साम्यवादतिर छलाङ्ग मार्नु यो नै एकमात्र आजको राष्ट्रिय आवश्यकता र जनचाहना हो । ०७४/१०/१९

*ताहाचल, काठमाण्डौं*

# पार्टीको कार्यदिशाबारे कमरेड माओका विचारहरू



अध्यक्ष माओले भन्नुभएको छ, 'वैचारिक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्दछ' र 'क्रान्तिलाई विजयसम्म पुऱ्याउनको निम्ति राजनीतिक पार्टीले आफ्नै कार्यदिशाको सहीपना र आफ्नै संगठनको खँदिलोपनामा भर पर्नु पर्दछ' । यसले स्पष्ट गर्दछ कि यदि सर्वहारा वर्गको राजनीतिक पार्टीले क्रान्तिकारी ध्येयलाई विजयसम्म नेतृत्व गर्न चाहन्छ भने त्यसले मार्क्सवादी-लेननवादी कार्यदिशालाई पक्डिनु पर्दछ । यदि पार्टीको कार्यदिशा सही छ भने पार्टीसँग सेना छैन भने सेना पनि हुने छन्, सत्ता छैन भने पनि सत्ता लिने छन् । यदि पार्टीको कार्यदिशा गलत छ भने राष्ट्रिय र स्थानीय दुवै सरकार नियन्त्रण गरेका भए पनि, सेना नियन्त्रण गरेको भए पनि यसको पतन अनिवार्य छ। यो यस्तो सत्य हो जसलाई हाम्रो पार्टीका र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका अनुभवहरूबाट बारंबार पुष्टि भएको छ ।

समाजवादको सम्पूर्ण अवधीका निम्ति माओले पार्टीको आधारभूत कार्यदिशा तल लेखिएअनुसार हुन्छ भन्नुभएको छ, 'समाजवादी समाजले एउटा निकै लामो ऐतिहासिक अवधि पार गर्दछ । समाजवादको ऐतिहासिक अवधिभरिवर्गहरू, वर्गीय अन्तरविरोधहरू र वर्गसंघर्ष रहने छन्, समाजवादी बाटो र पुँजीवादी बाटोका बीचमा संघर्ष रहने छ र पुँजीवादी पुनर्स्थापनाको खतरा रहिरहने छ । हामीले, यो संघर्षको दीर्घकालिन र जटिल प्रकृतिलाई स्वीकार्नु पर्दछ । हामीले हाम्रो सतर्कतालाई बढाउनु पर्दछ । हामीले समाजवादी शिक्षा चलाउनु पर्दछ। हामीले वर्गीय अन्तरविरोध र वर्ग संघर्ष ठीक तरिकाले बुझ्न र परिचालन गर्नु पर्दछ। दुश्मन र हाम्रा बीचका अन्तरविरोधहरू र स्वयं जनताका बीचका अन्तरविरोधहरूलाई छुट्याउन र परिचालन गर्न सक्नु पर्दछ। नत्र, हाम्रो जस्तो समाजवादी मूलुक त्यसको विपरितमा पतन हुनेछ र पुंजीवादको पूनर्स्थापना हुने छ। आज देखि हामीहरूले यो कुरालाई प्रत्येक वर्ष, प्रत्येक महिना र प्रत्येक दिन सम्झि राख्नु पर्दछ ता कि हामीले यो समस्यालाई गम्भीर रूपले बुझ्न र मार्क्सवादी-लेनिनवादी कार्यदिशा अवलंवन गरिरहन सकौं ।'

पार्टीको यो आधारभूत कार्यदिशा मार्क्सवाद-लेनिनवादको जगमा खडा छ, यो हाम्रो पार्टीको जीवन हो, हाम्रो सबै कामलाई प्रज्वलित गर्ने बत्ती हो, समाजवादी क्रान्तिको सफलता र निर्माणको ग्यारेन्टी हो । हाम्रा हरेक कामका सन्दर्भमा यो कार्यदिशाबाट विचलित भयौं भने हामीले दाया वा 'वाया' गल्ती गर्ने खतरा निम्त्याउने छौं । यो कार्यदिशालाई पकडेर हाम्रो देशका विभिन्न राष्ट्रियताका जनतालाई एकताबद्ध गर्न र सबै सकारात्मक पक्षहरूलाई परिचालन गर्न सम्भव हुने छ। यो कार्यदिशालाई पकडेर हाम्रो देशमा हामीले सर्वहारावर्गको अधिनायकत्वलाई निरन्तर बलियो बनाउन र समाजवादी क्रान्तिको र त्यसको निर्माणमा अझ ठूला जीत हासिल गर्न सक्ने छौं ।

अध्यक्ष माओले अगाडि सार्नुभएको आधारभूत कार्यदिशाले पुँजीवाददेखि साम्यवादसम्मको सम्पूर्ण संक्रमणको अवधिभरिको वर्गसंघर्षसम्बन्धी मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई समृद्ध र विकास गरेको छ । यसले समाजवादी समाजमा वर्गसंघर्षलाई निर्देशित गर्ने वस्तुगत नियमहरूमा प्रकाश पारेको छ र सैद्धान्तिक तथा व्यावहारिक दुवै हिसाबले सर्वहारा वर्गको अधिनायकत्वलाई बलियो बनाउने र पुँजीवादको पुनर्स्थापनाको समस्या रोक्ने समाधान दिएको छ।

पार्टीको आधारभूत कार्यदिशाले समाजवादी समाजमा चल्ने वर्गीय अन्तरविरोध र वर्गसंघर्षबारे राम्रो प्रकाश पारेको छ र स्पष्टसँग देखाएको छ कि समाजमा विद्यमान प्रधान अन्तरविरोधहरू दुईवर्गहरू पुँजीपति र सर्वहारा तथा दुई बाटाहरू समाजवादी र पुँजीवादी बाटोका बीचका अन्तरविरोधहरू हुन् । यसले सर्वहारावर्गको अधिनायकत्वलाई बलियो बनाउने र सुदृढ गर्ने कुरामा जोड दिन्छ, वर्ग संघर्षको दीर्घकालीन र जटिल चरित्रलाई दृढतापूर्वक आत्मसात गर्नुपर्ने र आफ्नो सतर्कतालाई छुट दिन नहुने कुरामा सचेत गराउँछ।

सर्वहारावर्गको अधिनायकत्वअन्तर्गत क्रान्तिलाई जारी राख्ने नीतिअनुरूप पार्टीको आधारभूत कार्यदिशाले पुँजीपति र अन्य सबै शोषकवर्गलाई पूर्णतः मिल्काउने, समाजवादले पुँजीवादलाई विस्थापित गर्ने, शोषणको अन्त गर्ने, वर्गहरू र वर्गीय विभेदको उन्मुलन गर्ने र साम्यवादमा संक्रमणका निम्ति आधारहरू तयार गर्ने आम उद्देश्य र रणनीतिक कार्यभार निर्धारण गरेको छ।

हाम्रो र दुश्मनका बीचमा हुने अन्तरविरोध र आम जनताका बीचमा हुने आपसी अन्तरविरोधलाई स्पष्टसँग छुट्याउन र परिचालन गर्नु पर्दछ भन्ने आम सिद्धान्तलाई पार्टीको आधारभूत कार्यदिशाले स्पष्ट गरेको छ । यो सिद्धान्तले पार्टीले आफ्नो मूर्त नीति निर्धारण गर्न प्रयोगमा ल्याउने आधार तथा विधीलाई समेट्छ र यसले यो नीतिको सही प्रयोगका निम्ति दिशानिर्देश गर्दछ । यदि यी दुईथरि अन्तरविरोधहरूमा हामी अल्मलियौं भने हामीले गम्भीर गल्ती गर्नेछौं। यदि हामीले हाम्रो र दुश्मनका बीचको अन्तरविरोधलाई जनताका बीचको आपसी अन्तरविरोधको रूपमा लियौं भने अर्थात्, यदि दुश्मन र मित्रका बीचमा अल्मलियौं भने या ती दुईमा फरक छुट्याउन सकेनौं भने हामीले दक्षिणपन्थी गल्ती गर्नेछौं । अर्कोतिर, यदि जनताका बीचको आपसी अन्तरविरोधलाई हाम्रा र दुश्मनका बीचको अन्तरविरोधका रूपमा लियौ भने, यदि हामीले धेरैतिर निशाना साध्यौं भने, हामीले 'वाम' गल्ती गर्ने छौं । यी दुवै स्थितिमा परिणाम पार्टीको आधारभूत कार्यदिशाबाट अलग्गिनु हुनेछ।

वर्गसंघर्ष तथा सर्वहारावर्गको अधिनायकत्वप्रति स्पष्ट दृष्टिकोण राखेर र त्यसलाई कहिल्यै नभुलिकन, पार्टीको आधार भूत कार्यदिशा बारे 'प्रत्येक वर्ष, प्रत्येक महिना र प्रत्येक दिन हामीले आफैलाई सम्झाइरहनु पर्दछ' ।

सही कार्यदिशाको निरूपण गलत कार्यदिशासँग तुलना गरेर गरिन्छ र गलत कार्यदिशाका विरुद्ध संघर्ष गर्ने क्रममा यो विकास हुन्छ। यसरी, पार्टीको आधारभूत कार्यदिशाको विकास अवसरवादी कार्यदिशा, विशेषतः ल्यु शाओ ची र लिन पियाओको संशोधनवादी कार्यदिशाका विरुद्ध संघर्षको प्रक्रियामा नै हुन सकेको हो ।

**नयाँ चीनको स्थापनापछि, हामीले पालना गर्नुपर्ने राजनीतिक सिद्धान्तको दिशा र साथै कृषि, हस्तकला, पुँजीवादी व्यापार र उद्योगमा समाजवादी रूपान्तरणका चरणहरूलाई अध्यक्ष माओले पुनः निर्धारण गर्नु भयो र समाजवादी बाटोमा जनताको विजयी अभियानको नेतृत्व गर्दे आर्थिक, राजनीतिक तथा वैचारिक मोर्चाहरूमा पुँजीपति वर्गका विरूद्ध शृंखलाबद्ध संघर्ष सञ्चालन गर्नुभयो । तर, ल्यु शाओ चीले माओको क्रान्तिकारी कार्यदिशाको सम्पूर्ण तागत लगाएर विरोध गऱ्यो । उसले खुला वकालत गऱ्यो कि ' जति धेरै शोषण भयो त्यति राम्रो' र उसले 'नयाँ जनवादी व्यवस्थाको सुदृढीकरण' को प्रतिक्रियावादी नारा दियो र देशका सबै मोर्चाहरूमा समाजवादी क्रान्तिको थालनी गर्न आधार तयार पार्ने कुराको विरोध गऱ्यो, उसले पुँजीवादी शक्तिहरूको अस्तित्वलाई लम्व्याउन र विकास गर्न चाहन्थ्यो**

१९४९ तिर फर्केर हेर्दा, जति बेला चिनीयाँ क्रान्ति नयां जनवादी क्रान्तिको चरणबाट समाजवादी क्रान्तिको चरणमा प्रवेश गर्नै लागेको थियो, सातौं केन्द्रीय समितिको दोस्रो विस्तारित बैठकमा प्रस्तुत गर्नु भएको प्रतिवेदनमा माओले सर्वहारावर्गले देशव्यापी रूपमा सत्ता कब्जा गरिसकेपछि 'श्रमजीवीवर्ग र पुँजीपतिवर्गका बीचको अन्तरविरोध प्रधानअन्तरविरोध' हुनेछ भन्नु भएको थियो । (६३) नयाँ चीनको स्थापनापछि, हामीले पालना गर्नुपर्ने राजनीतिक सिद्धान्तको दिशा र साथै कृषि, हस्तकला, पुँजीवादी व्यापार र उद्योगमा समाजवादी रूपान्तरणका चरणहरूलाई अध्यक्ष माओले पुनः निर्धारण गर्नु भयो र समाजवादी बाटोमा जनताको विजयी अभियानको नेतृत्व गर्दे आर्थिक, राजनीतिक तथा वैचारिक मोर्चाहरूमा पुँजीपति वर्गका विरुद्ध शृंखलाबद्ध संघर्ष सञ्चालन गर्नुभयो । तर, ल्यु शाओ चीले माओको क्रान्तिकारी कार्यदिशाको सम्पूर्ण तागत लगाएर विरोध गऱ्यो । उसले खुला वकालत गऱ्यो कि 'जति धेरै शोषण भयो त्यति राम्रो' र उसले 'नयाँ जनवादी व्यवस्थाको सुदृढीकरण' को प्रतिक्रियावादी नारा दियो र देशका सबै मोर्चाहरूमा समाजवादी क्रान्तिको थालनी गर्न आधार तयार पार्ने कुराको विरोध गऱ्यो, उसले पुँजीवादी शक्तिहरूको अस्तित्वलाई लम्व्याउन र विकास गर्न चाहन्थ्यो ।

१९५६मा जब हाम्रो देशका अधिकांश भागहरूमा उत्पादनका साधनहरूको समाजवादी रूपान्तरण भइसकेको थियो के त्यहाँ वर्गहरू, वर्गसंघर्ष र वर्गीय अन्तरविरोधको अस्तित्व थियो ? के हाम्रो समाजमा त्यतिबेला पनि पुँजीपति र सर्वहारावर्गका बीचको अन्तरविरोध प्रधान अन्तरविरोध थियो ? यी प्रश्नहरू, दुईलाइनका बीचको संघर्षमा केन्द्रीय मुद्दा थिए । त्यति बेला, ल्यु शाओ चीले 'वर्गसंघर्षको सिथिलीकरण' र 'उत्पादक शक्तिहरूको प्रधानताको सिद्धान्त' जस्ता कुरा अगाडि ल्याएर भ्रम छऱ्यो । उसले हाम्रो देशमा समाजवाद र पुँजीवाद कस्ले जित्छ भन्ने कुरा 'निर्धारित भैसकेको' दाबी गऱ्यो । चेन पोता सहित ल्यु शाओ चीले अब हाम्रो लागि पुँजीपति र सर्वहारा वर्गका बीचको अन्तरविरोध प्रधान होइन बरु विकसित समाजवादी व्यवस्था र पिछडिएको उत्पादक शक्तिका बीचको अन्तरविरोध प्रधान हो भन्ने विचार प्रचार गऱ्यो। अध्यक्ष माओको जानकारी विना नै यी गद्दारहरूले आठौं महाधिबेशनले पारित गरेको प्रस्तावमा यी भ्रमपूर्ण कुराहरू घुसाए । (६४) अध्यक्ष माओलाई यी कुराहरूबारे पछि मात्र जानकारी भयो र उहाँले यसको घोरविरोध गर्नुभयो। १९५७ को सुरुतिर, अध्यक्ष माओले आफ्नो एउटा महत्वपूर्ण कृति जनताका बीचका अन्तरविरोधहरूको सही सञ्चालन भन्ने लेखमा स्पष्ट व्याख्या गर्नुभएको छ कि उत्पादनका साधनमाथिको स्वामित्वमा अधिकांशतः समाजवादी रूपान्तरण भए पनि वर्गहरू, वर्गअन्तरविरोध, वर्गसंघर्ष विद्यमान रहन्छन् र समाजवादले जित्छ कि पुँजीवादले भन्ने कुरा टुंगिइसकेको हुदैन । आफ्नो कृतिमा उहाँले यो पनि देखाउनु भएको छ कि सर्वहारा र पुँजीपति वर्गका बीचको अन्तरविरोध लामो समय सम्म रहने छ, यो घुम्ति र मोडहरूले भरिभूर्ण हुनेछ र खास खास बेलामा यो निकै तीखो हुनेछ । सबै मोर्चामा समाजवादी क्रान्तिलाई अन्तसम्म लैजानका निम्ति उहाँले सिङ्गो पार्टी र जनतालाई आह्वान गर्नुभयो । यो सैद्धान्तिक निर्देशनले 'वर्गसंघर्षको सिथिलीकरण' बारे ल्यु शाओ ची र कंपनीले अगाडि सारेको मूर्खतापूर्ण वकवासलाई धुजाधुजा पारिदियो र हामीलाई सर्वहारावर्गको अधिनायकत्व अन्तरगत क्रान्तिलाई निरन्तरता दिनका निम्ति ग्रहण गर्नुपर्ने दिशाबोध गरायो ।

१९५९मा पेङ्ग तेह हुईको दक्षिणपन्थी अवसरवादी कार्यदिशाको आलोचनाको समयमा अध्यक्ष माओले जोड दिनु भयो, 'लुसानको संघर्ष वर्गसंघर्ष हो, दुईवटा प्रमुख विरोधी वर्गहरू, पुँजीपति र सर्वहाराकावीचको जीवनमरणको संघर्षको निरन्तरता हो र गएका १० वर्षसम्मको समाजवादी क्रान्तिको दौरान चलेको संघर्ष हो ।' उहाँले पार्टीलाई यो संघर्ष दीर्घकालीन प्रकृतिको हुने कुरा स्वीकार्न सिकाउनु भयो । सेप्टेम्बर १९६२मा आठौं केन्द्रीय समितिको दशौ विस्तारित बैठकमा माओले पुनः एकपटक हाम्रो देश र विश्वभरिका सर्वहारा वर्गको अधिनायकत्वका ऐतिहासिक अनुभवहरूको समीक्षा गर्नु भयो र समाजवादको सम्पूर्ण ऐतिहासिक अवधिका लागि पार्टीको आधारभूत कार्यदिशालाई अझ समग्रमा सूत्रबद्ध गर्नुभयो । तर, ल्यु शाओ ची र उसको गुटले फेरि पार्टीको आधारभूत कार्यदिशा गलत छ भन्ने र त्यसको विरोध गर्ने आँट गऱ्यो । समाजवादी शिक्षा आन्दोलनभरि उनीहरूले पार्टीको आधारभूत कार्यदिशाको विरोध गर्न, दुई वर्ग, दुई बाटा र दुई कार्यदिशाका बीचको संघर्षलाई ढाकछोप गर्न र पुँजीवादी बाटो लिएका नेतृत्वदायी नेताहरूका विरुद्धको आन्दोलनलाई अन्यत्र मोडन 'चार सफा र चार फोहरका बीचको अन्तरविरोध' तथा 'पार्टी भित्र र बाहिरका अन्तरविरोधहरूको गुत्थी' भन्ने जस्ता मूर्खतापूर्ण कुराहरू अगाडि ल्याए । १९६५ को जनवरीमा, केन्द्रीय समितिको पोलिटव्युरोले डाकेको राष्ट्रिय कार्यकारी सम्मेलनमा लिउ शाओ ची र उसका गुटका भ्रान्त धारणाहरूको जवाफमा माओले औल्याउनु भयो, 'वर्गीय अन्तरविरोध, सर्वहारा तथा पुँजीपति वर्गका बीचको वर्ग संघर्ष र समाजवादी तथा पुँजीवादी बाटोका बीचको संघर्ष संक्रमणकालभरि रहन्छ । यदि हामीले विगत दर्जन वा त्यस्तै वर्षहरूमा पार्टीले अभ्यास गरेको यो सिद्धान्त र व्यवहारलाई बिर्स्यौं भने हामी सिद्धिन्छौं ।' अध्यक्ष माओको नेतृत्वमा सम्पूर्ण पार्टी र जनताले चलाइएको महान् सर्वहारा साँस्कृतिक क्रान्ति तथा लिन पियाओलाई आलोचना गर्ने तथा कार्यशैली सुधार्ने आल्दोलन र साथै यी आल्दोलनका क्रममा दिइएका महत्वपूर्ण निर्देशनहरूले पार्टीको आधारभूत कार्यदिशालाई अरु माथि उठायो र विकास गरायो ।

ल्यु शाओ चीको गद्दार गुटलाई ध्वस्त पारिसकेपछि हाम्रो पार्टीले नवौं महाधिवेशनको कार्यदिशा माथि लिन पियाओ र चेन पोता विरुद्ध तीखो संघर्ष चलायो । लिन पियाओ र चेन पोताले सर्वहारा अधिनायकत्व अन्तरगत क्रान्तिलाई जारी राख्ने कुराको विरोध गरे । तिनीहरूले 'उत्पादक शक्तिको सिद्धान्त'को वकालत गरे र समाजवादी क्रान्तिका साथै पार्टीको आधारभूत कार्यदिशाको विरोध गरे । यसले देखाउँछ कि लिन पियाओ र चेन पोताका विरुद्धको संघर्ष स्पष्टतः पार्टीको आधारभूत कार्यदिशालाई ग्रहण गरिदै थियो कि विकृत गरिंदै थियो भन्नेमा केन्द्रित संघर्ष थियो ।

महान् सर्वहारा साँस्कृतिक क्रान्तिको अवधिमा हामीले ल्यु शाओ चीको गद्दार गुट र लिन पियाओको पार्टी विरोधी गुटलाई ध्वस्त पाऱ्यौं र महान् विजय हासिल गऱ्यौं । तर, हामीले पार्टीको आधारभूत कार्यदिशालाई दृढतापूर्वक समात्न गैराखेका छौं कि बदल्न भन्ने संघर्ष अझै टुंगिएको छैन– हामीले यो संघर्ष आउने लामो समयसम्म चलाउनु पर्दछ । सबै पार्टी सदस्यहरूले पार्टीको आधारभूत कार्यदिशालाई सर्वहारावर्गको अधिनायकत्वको सुदृढीकरण र पुँजीवादी पुनर्स्थापनाको रोकथाम भन्ने फराकिलो दृष्टिकोणबाट हेर्नु पर्दछ । आफुलाई आम क्रान्तिकारी जनसमुदायको नेतृत्वमा राखेर पार्टीको कार्यदिशालाई सुरक्षित राख्ने कुरा तिनीहरूले सधैं दिमागमा राखिराख्नु पर्दछ ।

*प्रस्तुत आलेख 'चिनियाँ कम्युनिष्ट पार्टीबारे आधारभूत बुझाई (सांघाई १९७४)' पुस्तकबाट लिएको हो । यस पुस्तकको नेपाली अनुवाद इन्द्रमोहन सिंदेल (क.बसन्त)ले गर्नुभएको हो ।*

# तेस्रो काँटाका विषयमा



● लु सुन ●

यता तीन वर्षमा कला र साहित्यबारे निक्कै नै थोरै छलफलहरू भएका छन् । वामपन्थी मुखुन्डो लाएर मार्क्सवादमा कलाको स्वतन्त्रताका लागि र लेनिनवादमा कम्युनिष्ट डाँकाहरूलाई मार्नका लागि तर्कहरू खोज्ने खुकुरीबाट जोगाइएका केही व्यक्तिहरूले बाहेक व्यावहारिक रूपमा अरू कसैले पनि हाल बोल्न सक्दैनन् । वास्तवमा 'कला कलाकै लागि' भनी लेख्ने लेखकहरू अझै स्वतन्त्र छन् किनभने तिनीहरूले रूबल पाएका छन् भनी कसैले पनि तिनीहरूलाई शंका गर्दैनन् । तर अझ ' प्यारो जीवनका लागि साहित्यमा टाँस्सिएका' ती 'तेस्रो काँट' काहरू समेतलाई पनि आफूलाई वामपन्थीहरूले 'पुँजीवादीहरूको भाडाका बयल' भनी भन्नेछन् भन्ने कुराको अघिबाटै नमीठो पीर लाग्नुबाहेक अर्को कुनै धेरै छैन । 'नयाँ युग' पत्रिकाका तेस्रो र छैठौं अंकहरूमा श्रीमान सु वेनले यस 'तेस्रो काँट' को तर्फबाट विरोध गर्छ, (यहाँनिर मैले के कुरा औल्याउनुपर्छ भने श्रीमान सुको 'लेखकहरूको डफ्फा' ले 'सके', 'बढी वा घटी' वा 'प्रभावित' जस्ता अनिश्चित शब्दहरू मनपराउन सक्छ । हुन त तिनीहरू निश्चित शब्दहरू पनि मन पराउँदैनन् किनभने एकचोटी तपाईलाई टाँचा लगाइसकेपछि त तपाई स्वतन्त्र हुन पाउनु हुनेछैन भन्ने कुरा थाहा भए तापनि मैले सुविधाका लागि 'तेस्रो काँट'को तर्फबाट भन्छु ।) ऊ के कुरामा पत्यार गर्छ भने वामपन्थी आलोचकहरू अलिकति पनि उत्तेजित नभइकन लेखकहरूलाई 'पुँजीवादी वर्गका भाडाका बयलहरू' भन्छन्, तटस्थहरूलाई समेत पक्षपाती सरह मान्छन् र एकचोटी कुनै व्यक्ति तटस्थ हुन छाड्छन् भने ऊ 'पुँजीवादी वर्गको भाडाको बयल' हुने खतरामा परिहाल्छ । ऊ के कुरा भन्छ भने वामपन्थी लेखकहरू लेख्ने कामबाट पन्छिंदा उता 'तेस्रो काँट' काहरू लेख्न चाहन्छन् तर आँट भने गर्दैनन् । यसरी विद्वानहरूको मन्डली रित्तै हुन्छ । अझै के भनिन्छ भने कमसेकम साहित्यको एक अंशले वर्गसंघर्षलाई उछिन्छ र यो साहित्य भविष्यको साहित्य, सत्य र अमर साहित्य हुन्छ, अथवा त्यसमा 'तेस्रो काँट' झुन्डिन्छ । दुःखको कुरा, त्यसमा पनि तिनीहरूले लेख्नुभन्द अगावै वामपन्थी आलोचकहरू/सिद्धान्तकारहरूले ती लेखकहरूलाई तिनमाथि आइपर्ने आपतको अघिबाटै सूचना दिएर यस्ता साहित्य लेख्ने कामबाट तिनीहरूलाई तर्साएर धपाइदिएका छन् ।

लेखकहरू खासगरी आफू'तेस्रो काँट' का सदस्य हौं भनी आफैले फलाकी हिंड्नेहरूले यस्तो पूर्व सूचना पाएका छन् भन्ने कुरामा मलाई शंका छैन । श्रीमान सुको भनाइअनुसार यस्ता लेखकहरू पनि हुन सक्छन् जसलाई सिद्धान्तको राम्रो ज्ञान छ तर आफूलाई भावनात्मक रूपबाट फेर्ने कामलाई तिनीहरू गाह्रो ठान्छन् । तर भावनाहरू नफेरिएको स्थितिमा छँदा फेरिएका वा अलिकति मात्र फेरिएका अवस्थाहरूमा भन्दा उनीहरूको सैद्धान्तिक ज्ञानको स्तर पनि भिन्नै हुने भइहाल्यो र यस कुराले दृष्टिकोणहरूमा पनि भिन्नता ल्याइहाल्छ । यसकारण मेरो विचारमा श्रीमान सुवेनको विचार गलत छ ।

साँच्चै भन्ने हो भने वामपन्थी साहित्य देखा परेदेखि, सिद्धान्तकारहरूले भूलहरू गरेका छन् र श्रीमान सुवेनले भनेअनुसार केही वामपन्थी लेखकहरू लेख्ने कामबाट पन्छिने मात्र होइनन् बरू तिनीहरू वामपन्थी पक्षबाट दक्षिणपन्थी पक्षमा समेत लाग्छन् र अझ राष्ट्रवादी साहित्यको ताँतीमा समेत मिल्न पुग्छन् वा किताब पसलहरूमा मेनेजरहरू वा शत्रु पक्षमा सामेल भएर गुप्तचर हुन पुग्छन् । तर यसबाट थाकेर पन्छिसकेका लेखकहरूबाट मिल्कायएको वामपन्थी साहित्य भने रहिरहन्छ । त्यति मात्र होइन, आफ्नो पवित्र लक्ष्यतिर पुग्न अघि लम्कँदा आफ्ना दुर्बलताहरूलाई उछिन्दै यो (वामपन्थी साहित्य) हुर्कंदै र फक्रँदै जान्छ । श्रीमान् सुवेन सोध्छ, तीन वर्षभित्र पनि तिनीहरू आफ्ना भूलहरू सच्याउने कुरामा किन सफल भएनन् त ?

जवाफ छ- हो, उनीहरूले सके अरू तीस वर्षसम्म आफ्ना भूलहरूलाई सच्याउँदै जानुपर्नेछ । तर यसरी भूलहरू सच्याउँदै जाँदा, उनीहरू अघि लम्कन सक्छन् । अघि लम्कनुभन्दा अघि आफ्ना सबै दुर्बलताहरूमाथि विजय नपाउन्जेल पर्खिरहने मूर्खहरूजस्ता ती हुने छैनन् । 'ठट्टा'को रूपमा श्रीमान सुवेन के भन्छ भने वामपन्थी लेखकहरूले पुँजीवादी प्रकाशकहरूबाट पैसा पाइरहेका छन् । यहाँनिर म गम्भीरतापूर्वक के भन्न चाहन्छु भने वामपन्थी लेखकहरू अझै पनि सामन्ती र पुँजीवादी समाजका ऐन कुननहरूबाट थिचिएका, थुनिएका र मारिएका छन् । त्यसैले त हो नि, सबैजसो वामपन्थी पत्रपत्रिकाहरू कुल्चिएका छन् वा तिनले निक्कै संकटपूर्ण जीवन बेहोर्नु परिरहेको छ, तिनका विषयमा निक्कै थोरै आलोचनात्मक समीक्षाहरू भएका छन् र भएकाहरूमध्येले पनि अलिकति बात लाउँदैनन् वा 'सँगै लागेकाहरू' को खन्डन गर्दैनन् । वामपन्थी लेखकहरू स्वर्गबाट तल पठाइएका देवदुतहरू होइनन्, न उनीहरू विदेशबाट लड्दा लड्दैभित्र पसेका विदेशी वैरीहरू हुन् । अलि परसम्म 'सँगै लागेकाहरू' का साथै ती सडकको छेउमा बसेर हेरिरहने दर्शकहरूलाई पनि आफूसँगै लागेर अघि लम्कन आव्हान गर्न चाहन्छन् ।

जे भए पनि, अब हामी अर्कै कुरा गरौं । हाल वामपन्थी लेखकहरू कतिसम्म कुल्चिएका छन् भने उनीहरू धेरै संख्यामा आलोचनात्मक लेखहरू प्रकाशित गर्ने काम गर्न समर्थ छैनन् तर तिनको प्रकाशन गर्न सक्ने स्थिति कुनै दिन आयो भने के उनीहरूले पनि उत्तेजित हुनासाथै 'तेस्रो काँट'लाई 'पुँजीवादी समाजका भाडाका बयल' भनी बात लगाउनेछन् त ? मेरो विचारमा, वामपन्थी लेखकहरूले यसो गर्ने छैनौं भनी बाचा हालिनसकेको भए र हामीहरूले निराशावादी विचार लिइसकेका छौं भने यो कुरा हुन सक्छ । तथ्य कुरा के भने अझ योभन्दा पनि बद्ता कमसल कुरो चिताउन सकिन्छ । तर मलाई के कुरामा पत्यार छ भने यस किसिमबाट भविष्यवाणी गर्नु भनेको एक दिन संसार फाट्नेछ भनेर पहिले नै अपहत्ते गर्नु जत्तिकै नचाहिंदो कुरो हो ।

तर के भनिन्छ भने श्रीमान सुवेनको 'तेस्रो काँट'ले भविष्यमा आइपर्ने यो डर र त्रासदेखि तर्सिएर 'आफ्नो कलम छाडिसकेका' छन् । तर अहिलेसम्म नदेखेखका नसुनेका मनचिन्ते दुःखकै लहलहैमा लागेर उनीहरूले के त्यसो गर्लान् त ? समाजले कुरा काट्ला भनी डराएर के दुईजना प्रेमीहरू अंगालो हाल्न डराउलान् त ?

सत्य कुरो के भने, वामपन्थी आलोचना निक्कै कठोर भयो भनेर 'तेस्रो काँट' ले आफ्ना कलम छाडिसकेका' छैनन् । साँच्चीको कारण के भने 'तेस्रो काँट'भन्ने हुनै सक्दैन र यस्ता मानिसहरू छैनन् भने तेस्रो काँटका कलमहरू पनि हुने छैनन् । उनीहरूले आफ्नो कलम छाड्ने कुरा त परै रहोस् ।

वर्गसमाजमा रहेको कुनै पनि लेखक वर्गभन्दा पर जान सक्दैन, लडाइँ ताका बाँचिरहेको मान्छे लडाइँको मैदान छाडेर एक्लै उभिन सक्दैन र आज बाँचिरहेको मान्छेले भविष्यका लागि लेख्न सक्दैन, सक्छ भन्नु त सन्की कुरा मात्र हो । वास्तविक जीवनमा यस्ता मानिसहरू हुँदैनन् । यस्तो मान्छे हुनाका लागि प्रयत्न गर्नुचाहिं आफ्नै रौं तानेर आफू जमिनभन्दा माथि उठ्न खोज्नु हो । यसो गर्न सकिंदैन । तपाई यो सुनेर रिसाउन सक्नुहुन्छ, तर अरूहरूले टाउको हल्लाएको देखेर नै तपाईले आफ्नो रौं तान्ने काम रोक्नु भएको हो भन्ने कुरा पनि होइन ।

यसकारण यो 'तेस्रो काँट' ले समेत वर्गलाई नाघेर जान सक्दैन । श्रीमान सु आफैले त वर्ग आलोचना हुन्छ भन्ने कुराको सुईको पाउँछ भने कुनै पनि लेख वर्गहितको घेराबाट उम्कन सक्ला त ? न संघर्षको घेराभन्दा पर नै जान सक्छ । पहिलो, कुरो श्रीमान सुले आफूर्ला 'विरोध गरिरहेको' भनी कसैले दोष लगाएको हेर्न चाहँदैन तापनि उसले 'तेस्रो काँट' को नाउँमा विरोध भने गऱ्यो र वर्तमानको घेराभन्दा पर कोही पनि जान नसक्ने हुनाले, वर्गभन्दा माथिको भविष्यका लागि लेख्नुभन्दा अगावै उसको मनमा वामपन्थी आलोचनाको पीर लाग्न थाल्यो ।

यो त साँच्चै अप्ठेरो स्थिति हो । सपनाहरू पूरा नहुने भएकोले यसो भएको हो । यी विषयहरूलाई अप्ठेरो पार्ने वामपन्थी साहित्य नभइदिएको भए 'तेस्रो काँट' भन्ने कुनै कुरा रहने नै थिएन अनि त्यस काँटभित्र पर्ने कृतिहरूको कुरा त परै रहोस् । तर आफ्नो काल्पनिक मनचिन्ते 'तेस्रो काँट' लाई उदाउन नदिने र भविष्यका लागिलेखिएका साहित्यका छेकवार हाल्ने जस्तो निरंकुश वामपन्थी साहित्यको कल्पना श्रीमान सुवेनले गरेको छ र यसका यस्ता सबै अपराधहरू उसैका अगाडि उदांगिएका छन् ।

साँचो कुरा के भने वामपन्थी लेखकहरूमा कुनै त्यस्तो अचम्म मान्नुपर्ने कुरा भेटाइन्न, उनीहरू सचित्र पुस्तकहरू र अपेरा (नाटक)का लागि संवादहरू लेख्छन् । तर उनीहरूले श्रीमान सुवेनले विचार गरे सरिका महत्वहीन छैनन् उनीहरू टाल्सटाय र फ्लवर्टलाइ पनि रूचाउँछन् । तर उनीहरू 'भविष्यका लागि लेख्न खोज्ने' टाल्सटाय र फ्लवर्टलाई रूचाउँदैनन्, (किनभने कसैले पनि तिनको अध्ययन गर्नेछैनन्) टाल्सटाय र फ्लवर्टले आफ्नै बेलाका मानिसहरूका लागि लेखे । वर्तमानले नै भविष्यको निर्धारण गर्छ र आजको लागि केही अर्थ भएको कुराको मात्र भविष्यमा पनि केही अर्थ हुन सक्छ । विशेष गरेर टाल्सटायले किसानहरूका लागि कथा लेखे तर उनले आफूलाई 'तेस्रो काँट' को भनी कहिल्यै ढाँचा पारेनन् र पुँजीवादी वर्गबाट गरिएको जस्तै आक्रमणले पनि उनलाई आफ्नो कलम छोड्न लगाउन सकेन । श्रीमान सु वेनका 'सचित्र पुस्तकहरूले टाल्सटाय वा फलवर्ट जस्तालाई जन्माउन सक्दैनन्,' भन्नेजस्तो जाबो कुरा पनि बुझ्न नसक्ने मुर्ख त वामपन्थीहरू छैनन् । तिनले के विचार गर्छन् भने माइकेलान्जेलो वा लियोनार्डो द भिन्सीजस्ता महान् कलाकारहरूलाई ती पुस्तकहरूले जन्माउन सक्छन् । मलाई के लाग्छ भने अपेरा संवादहरू र कथा गाउनेहरूबाट पनि टाल्सटाय र फलवर्ट जस्तालाई जन्माउन सकिन्छ । हाल माइकेलेन्जेलोका चित्रकलाको विरोधमा कसैले एक शब्द भनेको छैन तर के ती चित्रहरू वास्तवमा धार्मिक प्रचार होइनन् र ? ती कुराहरूलाई पनि कलाकारले आफ्नै बेलाका मानिसहरूका लागि बनाएका थिए ।

छोटकरीमा अरूलाई छकाउनु वा छकाउन खोज्नुभन्दा 'तेस्रो काँट' ले लेख्नका लागि सकेसम्म प्रयत्न गर्नुपर्छ भनी श्रीमान सु वेनले भनेको कुरा बेठीक हैन । र अझ बढी साँचो कुरा उसले गरेको छ- 'काम गर्ने आँट गर्नुभन्दा पहिले आफैमाथि पत्यार गर्ने आँट हुनैपर्छ ।'

तर श्रीमान सुवेन के भन्छ भने वामपन्थी सिद्धान्तकार हरूले पछि तिनीहरूको आलोचना गर्नेछन् भन्ने सुईको पाएर 'तेस्रो काँट' का तिनका ठूला साना सदस्यहरू आफ्नो कलममा बिर्को लाउन बाध्य भएका छन् ।

'तेस्रो काँट' बारे थप कुरा ताइ वाङ शुले आन्डझे गाइडे कसरी फ्रान्सेली क्रान्तिकारी लेखक संघमा सम्मिलित भएर मार्च २१ तारिखमा भएको एउटा आमसभामा जर्मन फासिस्टवादको उनले कसरी चर्को गरी विरोध गरे भन्ने कुरा बताएर फ्रान्सबाटै एउटा चिठी पठाएको थियो । उसले गाइडेका भाषणको रिपोर्ट पठाएको थियो जुन 'नयाँ युग' को जुनको अंकमा छापिएको थियो । न्यायको पक्षमा बाहिर निस्कनु फ्रान्सेली बुद्धिजीवीहरूका लागि नौलो कुरा होइन । यसभन्दा पहिलेका उदाहरणहरू-जोलाको ड्राइफससितको चर्को हेमखेम र जोलाको चिहानमा आनातोले फ्रान्सले दिएको भाषण हुन् । हालसालैको उदाहरण- रोमाँ रोलाँको युद्धप्रतिको भर्त्सना हो । तर यस घटनाले मलाई बर्ता गहिरो आनन्द दिन्छ किनभने यो सवालचाहिं विषयवस्तुसित गाँसिएको छ र म पनि फासिस्टवादसित घृणा गर्दछु । तैपनि आफ्नो रिपोर्टमा ताइवाङशुले चीनका वामपन्थीहरूको 'मूर्खता' र युद्धसर्दारहरूका जस्ता देखिने तिनीहरूको अत्याचारतर्फ पनि औल्यायो र म यसबारे केही कुरा भन्न चाहन्छु । जर्मनीका थिचिएकाहरूलाई दिइए सरह चीनको 'तेस्रो काँट'ले पनि सहयोग पाउलान् भन्ने आशा गरेर म भ्रममा पारिन चाहन्न र पन्छिन निहुँ खोजिरहेछ भनेर भनाउन पनि चाहन्न । तथ्यलाई हेर्ने हो भने जर्मनीको स्वेतआतंकभन्दा अगावै चीनमा किताबहरू र खबरकागतहरू जलाउने, पुस्तक पसलहरू बन्द गर्नेर लेखकहरूलाई थुनामा राख्ने वा तिनको ज्यान लिने काम वास्तविक रूपमा भयो र संसारभरीका क्रान्तिकारी लेखकहरूले यसको विरोध गरेका थिए । यहाँनिर उसको चिठीमा परेका केही कुराहरूलाई लिएर छलफल चलाउन चाहन्छु जुन कुरा उठाउनै पर्दछ ।

गाइडे कसरी फासिष्टवादको प्रतिरोधको आन्दोलनमा सम्मिलित भए भन्ने कुरा भनिसकेपछि हाम्रो संवाददाताले लेखेको छ-'फ्रान्सेली लेखक समूहमा हामीहरू गाइडेलाई 'तेस्रो काँट' मध्येको एक जना भनी भन्न सक्छौं'१८९१ देखियता उनी सधैभरी आफ्नो कलाप्रति बफादार रहिआएका छन् । तर आप्ना कलाप्रति बफादार रहने लेखकहरू आवश्यक रूपमा 'पुँजीवादी वर्गका भाडाका बयल' हुनैपछ भन्ने छैनन् र फ्रान्सका क्रान्तिकारी लेखकहरूको यस्तो मूर्खतापूर्ण विचार छैन । (यसलाई बाठो कार्य नीति भन्नु अझ राम्रो होला ।) त्यसैले त गाइडेले जनताको उत्साहपूर्ण हर्षध्वनीको माझमा बोले ।

अर्को किसिमबाट भन्ने हो भने'आफ्नो कलाप्रति बफादार भएको लेखक' तेस्रो काँटमध्येको एक जना हो र चीनका क्रान्तिकारी लेखकहरूले यस्ता सबै मान्छेलाई 'पुँजीवादी वर्गका भाडाका बयल' भनी

> **'तेस्रो काँट' ले लेख्नका लागि सकेसम्म प्रयत्न गर्नुपर्छ भनी श्रीमान सु वेनले भनेको कुरा बेठीक हैन । र अझ बढी साँचो कुरा उसले गरेको छ- 'काम गर्ने आँट गर्नुभन्दा पहिले आफैमाथि पत्यार गर्ने आँट हुनैपर्छ ।' तर श्रीमान सुवेन के भन्छ भने वामपन्थी सिद्धान्तकारहरूले पछि तिनीहरूको आलोचना गर्नेछन् भन्ने सुईको पाएर 'तेस्रो काँट' का तिनका ठूला साना सदस्यहरू आफ्नो कलममा बिर्को लाउन बाध्य भएका छन्**

## कविता

# चिराग जल्दछ

● बाबुराम पाण्डे

*यो निस्तब्ध रातमा*
*आजएक चिराग जल्दछ*
*अन्धकार फार्छ औशिको*
*यी चम्चमाउँदा किरण पुञ्जहरू*
*प्रज्वलित हुँदै, प्रत्येक मानिसका नशा नशामा घुस्दैछन्*
*नयाँ विहानीको खोजीमा*
*चेतनाको ज्ञान दीप जलाउँन ।*

*शोषित पीडित र दलितहरूको मुक्तिका लागि*
*अन्धविश्वास, कुरीति र सङ्कीर्णताको भाव मेट्न*
*दिन दुःखी र आर्तहरूको पीडा मुक्त गर्न*
*हिंसा, अभिमान र फुट फार्न*
*यो चिराग जल्दछ, तमाम असमानताको भेद मेटाऊँ ।*

*सः क्रान्तिवीरहरू हो ! जाग*
*यहाँ इतिहास रोएको छ सत्यता नपाएर*
*धरती जलिरहेछ पापले राँकिएर*
*मानिस मरिरहेछन् मरण नआई, त्यसैले-*
*दीप्तिमान यो चिराग जल्दछ*
*निमुखा, निहत्थाहरूको मानवीय संरक्षण र उत्थान गर्न*
*आउ, हात हातमा प्रज्वलित राँको समाऊ,*
*देशमा अमन चैन र शान्ति वहाल गर्न ।*

*यहाँ राष्ट्रसेवाको (नाममा) दुहाई दिदै जो खुलेयाम लुट गर्छ*
*निर्लज्ज उ नै समाजमा ठालु बन्छ*
*निरीह जनता झुक्याई संसदीय भोट खान्छ*
*कमिशन र भ्रष्टचारले अकुत सम्पत्ति जोर्छ*
*अनेक सञ्जाल रचि सजाय छल्छ*
*यसर्थ, समस्त यी राष्ट्रघातीहरू निर्मुल पनि*
*जाज्वल्यमान यो चिराग जल्दछ,*
*शोषण र अन्यायको खिलाफमा*
*निरन्तर संघर्ष गर्न ।*

*शताब्दीऔं देखिको अन्धविश्वास र अज्ञानताको*
*तमोमय परिधिभित्र रुमालिएको जीर्ण परम्परा थिचिएका*
*उत्पीडित आदिवासी, दलित जनजातिको पहिचान खोज्दै*
*अनि दासत्दाको जंजिरले जकडीएको महिला मुक्तिका खातिर*
*सजग र सचेत सम्बृद्ध मानव समाज निर्माण गर्न*
*आऊ जुरुक्क उठ ए, संघर्षशील नव युवाहरू हो,*
*नव जागरणको दुन्दुभी विश्व आकाशमा उद्घोष गर्दै*
*निरङ्कुशता र सामान्तवादका विरुद्धमा*
*यो विप्लवी चिराग जल्दछ*
*इन्कलावको जन आवाज घन्काउन ।*

## अखिल (क्रान्तिकारी)को कास्की जिल्ला कमिटी गठन

पोखरा । क्रान्तिकारी विध्यार्थीहरूको पोखरामा भएको एक भेलाले बिहीबार मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)को भातृ संगठन अखिल (क्रान्तिकारी) कास्की जिल्ला कमिटि गठन गरेको छ ।

भेलाले संझना परियारको संयोजकत्वमा ९ सदस्यीय जिल्ला कमिटि गठन गरेको हो । उक्त भेलाले जिल्ला सदस्यहरूमा सागर बराल, विन्दा आले, सार्थक त्रिपाठी, निवन विक, सुनिल पुनमगर, जीवन विक, धनबहादुर सुनार, लक्ष्मी नेपालीलाई चयन गरेको छ ।

भेलामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका ४ नं. प्रदेश संयोजक केशबहादुर परियार, क्रान्तिकारी माओवादीका केस निश्चल, अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य अमृत चपाई, अखिल (क्रान्तिकारी)का ४ नं. प्रदेश संयोजक मनकुमार न्यौपानेलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी ट्रेड युनियन महासंघको ३ नं. प्रदेश स्तरीय कमिटी गठन

काठमाडौं । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको प्रदेश स्तरीय एक भेलाले महासंघको ३ नं. प्रदेश स्तरीय कमिटि गठन गरेको छ । बुधबार सम्पन्न उक्त भेलाले अर्जुन लाल श्रेष्ठको संयोजकत्वमा १५ सदस्यीय प्रदेश कमिटि निर्माण गरेको हो ।

भेलाले उक्त कमिटिको सदस्यहरूमा संयज तामाङ (सिन्धुपाल्चोक), रामशरण के.सी. (दोलखा), कृष्ण मिजार (नुवाकोट), राम कुमार दोङ (भक्तपुर), दिनेश घिमिरे (चितवन), उद्धव गुरुङ (काठमाडौं), जनक चौलागाई (काभ्रे), रोशन कोइराला (मकवानपुर), शेर ब. प्रधान (धादिङ) लगायत रहेका छन् ।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का पीबीएम तथा ३ नं. प्रदेश पार्टी सचिव दिनेश शर्मा 'सागर', महासंघका संयोजक इश्वर तिमिल्सिना, महासंघका ३ नं. प्रदेश प्रयाक्सन इन्चार्ज फूर्नाम्गेल मोक्तान र महासंघका कार्यालय सदस्य बद्री चापागाई लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

**'वर्गबोध'**

बजारमा उपलब्ध छ, आफ्नौ प्रति बेलैमा सुरक्षित गरौं ।

**प्रकाशन विभाग**

**वर्गबोध त्रैमासिक**

## माकेको...

(४) सत्ताको हिस्सेदार भई जनयुद्धका विरुद्ध कथित आतंकवादविरोधी कानुन बनाउने एवम् सेना परिचालन गर्ने कुरामा सबैभन्दा बढी कसरत गर्न पुगेको, (५) सर्वाधिक प्रतिक्रियावादीका रूपमा प्रस्तुत संशोधनवादी गद्दार गुट आदि भनिएको थियो । परन्तु, विडम्बना ! आज उक्त भनाइको ठीक विपरीत १८० डिग्रीमा फनक्कै घुमेर त्यसै एमालेसित माकेको विलय हुन गइरहेको छ ।

नेकपा (एमाले) र नेकपा (माके)सहितको गत असोजमा ओली, प्रचण्ड र बाबुराम भट्टराईद्वारा संयुक्त रूपमा हस्ताक्षर गरिएको पार्टी एकतासम्बन्धी साझा सहमतिपत्रमा भनिएको थियो- 'नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को नीतिगत र व्यावहारिक नेतृत्व राजतन्त्रको अन्त गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता, धर्मनिरपेक्षता र सामाजिक न्यायसहितको समाजवाद उन्मुख विधान निर्माण गर्न सम्भव भएको छ ।..... संविधानसभाबाट पारित नेपालको संविधानको रक्षा र प्रयोगको क्रममा लोकतान्त्रिक प्रणाली र शान्तिपूर्ण प्रतिस्पर्धाको माध्यमबाट..... समाजवादका आधारहरू तयार गर्ने साझा निष्कर्षमा आइपुगेका छौं ।' (सहमतिपत्र २०७४ असोज १७)।

नेकपा (एमाले) र नेकपा (माके) द्वारा जारी गरिएको सो सहमतिपत्रमा (१) लोकतान्त्रिक गणतन्त्र, (२) समाजवाद उन्मुख संविधान निर्माण, (३) लोकतान्त्रिक प्रणाली र (४) शान्तिपूर्ण प्रतिस्पर्धाको माध्यमबाट समाजवादका आधारहरू तयार पार्ने साझा निष्कर्षमा आइपुगेको कुरा उल्लेख गरिएको छ । यस प्रकारको साझा निष्कर्ष उनीहरूका बीचमा कायम भएको सैद्धान्तिक तथा राजनीतिक एकरूपताको आधार थियो । सोही आधारमा उनीहरूले पार्टी एकताका लागि एकता संयोजन समिति गठन गर्ने र संयुक्त रूपमा संसदीय चुनावमा जाने निर्णय गरेका थिए ।

सहमतिपत्रमा उल्लेख गरिएका यस प्रकारका मान्यता र जनयुद्धकालमा प्रचण्डद्वारा अभिव्यक्त उक्त भनाइका बीच तुलना गरेर हेर्दा सैद्धान्तिक, राजनीतिक तथा सांगठनिक क्षेत्रमा आकाश पातालको अन्तर देखिन्छ । परन्तु अहिले त्यो अन्तर समाप्त भइसकेको छ । जनयुद्धको अन्तिम समयदेखि नै त्यो अन्तर मेटाउने प्रयास गरिएको हो र संसदीय व्यवस्थाको पुनःस्थापनाको संविधान बनाउने बेलासम्म त्यो अन्तर मिटिसकेको थियो । यसरी हेर्दा यो एकता एकाएक हुन थालेको नभई लामो समयका बिचमा योजनाबद्ध रूपमा उल्टो रूपमा मात्राबाट गुणमा छलाङ हानेर हुन गइरहेको छ ।

अहिले यही फागुन ७ गते एमाले र माकेका बिचमा पार्टी एकता संयोजन समितिको बैठक बसी सात बुँदे सहमति भएको छ । तदनुसार- (१) एकीकृत पार्टीको नाम नेकपा कम्युनिष्ट पार्टी राख्ने, (२) निर्देशक सिद्धान्तका रूपमा माओवाद परित्याग गरी मार्क्सवाद लेनिनवाद मात्र स्वीकार्ने, (३) एमालेको बहुदलीय जनवाद र माओवादी केन्द्रको शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धाबारे समान धारणा रहेको, (४) एमालेको बहुदलीय जनवाद र माकेको माओवाद तथा एक्काइसौं शताब्दीमा जनवादलाई एउटै ठाउँमा मिलाउने, (५) उक्त आधारमा टेकेर अन्तरिम राजनीतिक प्रतिवेदन तथा विधान तयार पारी एकीकृत पार्टी सञ्चालन गर्ने, (६) प्राप्त उपलब्धिको रक्षा गरी त्यसमार्फत् समाजवादको निर्माण गर्ने र (७) एकता महाधिवेशनमा जानेलगायतका निर्णय गरिएका छन् । (पार्टी एकता संयोजन समिति २०७४ फागुन ७ गते )।

हिंजो चुनवाङको के.स.को बैठकमा नयाँ जनवाद परित्याग गरी लोकतान्त्रिक गणतन्त्रमा आधारित संसदीय व्यवस्थाको पुनःस्थापनाको नारा पारित गरेपछि तत्कालीन माओवादीको मूल नेतृत्वले जनविद्रोहको कुरा गरेर क्रान्तिकारीहरूमा ठूलो भ्रम पैदा गरेको थियो । आज त्यसले पश्चगामी संविधान स्वीकार गरेपछि क्रान्तिकारी पंक्तिमा पुनः अर्को भ्रम सिर्जना गर्नका लागि समाजवादको नारा दिइरहेको छ । एमालेले २०४७/४८ सालतिर ठीक यसैप्रकारका विभ्रमहरू खडा गर्ने गर्दथ्यो । आज ठीक त्यसरी नै इतिहासको पुनारावृत्ति भइरहेको छ । समाजवादको अमूर्त नारा त नेपाली कांग्रेस सम्मले स्वीकार गरिसकेको छ । समाजवाद धेरै किसिमका हुन्छन् । कम्युनिष्ट घोषणापत्रमा प्रतिक्रियावादी समाजवादसम्मको उल्लेख गरिएको छ । अहिले एमाले र माकेले भन्ने गरेको समाजवाद मूलतः प्रतिक्रियावादी समाजवाद अन्तर्गत नै पर्दछ । माओवाद, वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व र बलप्रयोगको सिद्धान्तलाई परित्याग गरिसकेपछि समाजवादले सुधारवादी हुँदै प्रतिक्रियावादी स्वरूप ग्रहण गर्दछ ।

माओवादी केन्द्रको एमालेमा विलय हुन गइरहेको खबर आउँदा कतिपय कमरेडहरू एमालेमा विलय नहुने र आफ्नो स्वतन्त्र क्रान्तिकारी अस्तित्वलाई जीवितै राख्ने समाचार पनि आएका छन् । यसप्रकारको विलयका विरुद्ध उभिनु भएका कमरेडहरूलाई विशेष धन्यवाद छ । यो बेला मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा सही कार्यदिशा अवलम्वन गरी क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध तुल्याउन र क्रान्तिको तयारीको दिशामा दृढतापूर्वक अगाडि बढ्नका लागि गम्भीर छलफल तथा बहस चलाउन आवश्यक छ । अवसरवाद तथा पश्चगमनका विरुद्ध विद्रोहको झण्डा उठाउनु क्रान्तिकारी कम्युनिष्टहरूको विशेष दायित्व पनि हो ।

जेहोस्, अब हाम्रा भूतपूर्व कमरेडहरूको माओवाद र जनयुद्धको इतिहाससित कुनै सम्बन्ध रहेन । उनीहरूले पश्चगामी बाटो पकडे पनि क्रान्तिको अग्रगामी गति तथा दिशा निरन्तर जारी रहनेछ । नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा एउटा अध्यायको समाप्ति र अर्को अध्यायको थालनीको प्रक्रिया अगाडि बढ्दै गएको छ । यो बेला सबैखाले दक्षिणपन्थी अवसरवाद तथा पश्चगामी प्रवृत्तिको विरोध तथा भण्डाफोर गरी क्रान्तिकारी कम्युनिष्ट पार्टीलाई सुदृढ तथा ऊर्जाशील बनाउँदै, सच्चा क्रान्तिकारी कम्युनिष्ट समूह तथा व्यक्तित्वलाई एकताबद्ध तुल्याउँदै र नयाँ जनवादी क्रान्तिको तयारी गर्दै वैज्ञानिक समाजवाद तथा साम्यवाद प्राप्तिको दिशामा हामी दृढतापूर्वक अगाडि बढ्न जरुरी छ । क्रान्तिको अन्तिम विजयलाई कसैले रोक्न सक्तैन । *(क्रमशः.....)*

## सिद्धान्त...

रूपमा समाधान गर्ने, जन-संघर्षलाई सही आधारमा र सही ढंगबाट संगठित तथा संचालित गर्ने आदि काममा यसले हामीलाई ठूलो मद्दत गर्छ । ठीकसित कुन कुरा भनिएको छ भने खगोलशास्त्रको निमित्त दूर्विन, वा प्रयोगशालाका अन्वेषकहरूको निमित्त सुक्ष्मदर्शक यन्त्रको जति महत्व हुन्छ, त्यत्तिकै महत्व सर्वहारा क्रान्तिकारी जोधाहाको निम्ति यस विश्व-दृष्टिकोणको रहन्छ । दुर्विनबिना खगोलशास्त्रीको काम चल्दैन, र सुक्ष्मदर्शक यन्त्रविना प्रयोगशालामा अनुसन्धान हुन सक्दैन, त्यसरी नै मार्क्सवादी-लेनिनवादी विश्व-दृष्टिकोणविना सर्वहारा जोधाहाको काम चल्दैन । साँचो भन्ने हो भने, अँध्यारोमा बाटो नपाएर छामछाम-छुमछुम गरिरहेका मान्छेका लागि प्रकाशको जति महत्व हुन्छ, त्यत्तिकै महत्व जन-मुक्ति जोधाहाहरूका लागि यस सिद्धान्तको रहेको छ ।

तसर्थ, मार्क्सवादी-लेनिनवादीहरूका लागि, मार्क्सवादी-लेनिनवादी विश्व-दृष्टिकोण प्राप्त गर्नु आधारभूत महत्वको सवाल रहन्छ । एउटा सही भनाइ छः दृष्टिकोण नभएको मानिस जरा नभएको रुख जस्तै हो । क्रान्तिकारी दृष्टिकोण नभइकन सच्चा क्रान्तिकारी बन्न सकिंदैन । समाजमा आमूल परिवर्तन ल्याउने संघर्षमा योग्य तथा समर्थवान जोधाहा बन्ने हो भने प्रत्येक कार्यकर्ताले आफ्नो दिमागलाई क्रान्तिकरण गर्नै पर्छ, अर्थात उसले क्रात्किारी दृष्टिकोण ग्रहण गर्न सक्नु पर्छ । यस्तो दृष्टिकोणले मात्र यसको निम्ति प्रष्ट दिशा र दूरदर्शिता प्रदान गर्न सक्छ । लेनिनले भन्नुभएको छः "मानवजातिले सिर्जना गरेका सम्पभूर्ण ज्ञान-भण्डारबाट आफ्नो दिमागर्ला समृद्ध पारे मात्र तपाई कम्युनिष्ट बन्न सक्नुहुन्छ ।" यस सम्बन्धमा मार्क्सवादी-लेनिनवादी दृष्टिकोण, भावना र तरिका ग्रहण गर्नु सबभन्दा महत्वपूर्ण कुरा हो ।

हाम्रो मुलुकमा जनताबीच राजनैतिक काम गर्ने कार्यकर्ताहरूमा एउटा ठूलो त्रुटि अक्सर पाइन्छ । त्यो त्रुटि के हो भने उनीहरू राम्ररी र सिद्धान्तको आधारबाट सोच्दैनन् वा सतही रूपमा मात्र सोचविचार गर्छन् । उनीहरू समस्या वा घटनाको एकांगी वा टपर-टुइयाँ ढंगबाट अध्ययन र ब्याख्या गर्छन र भावनामा बग्ने गर्छन् । हाम्रो जन-मुक्तिको लक्ष्ले यस्ता जोधाहाहरूको अपेक्षा गर्छ, जो आफ्नो दिमागको प्रयोग गर्छन, जो सोचविचारकासाथ र बुद्धि पुऱ्याएर काम गर्छन र जो "यो किन ? यस्तो किन ? यो कुरा ठीक छ कि छैन ?" भन्ने प्रश्नहरू हमेशा मनमा उठाएर सत्य कुरा पत्ता लगाउन सचेष्ट रहन्छन् । आँखा चिम्लेर अनुशासन र आदेशको पालन गर्ने, वा दासजस्तो ज्यावलको काम गर्ने तत्वहरू मुक्ति-लक्ष्यमा त्यति उपयोगी हुन सक्दैन । यस लक्ष्यको लागि चिन्तनशील कार्यकर्ताहरूको अति खाँचो छ । तसर्थ, राजनैतिक समझदारी, सैद्धान्तिक प्रष्टता र प्रष्ट दिशा प्राप्त गर्न प्रयत्न गर्नु प्रत्येक कार्यकर्ताको महत्वूर्ण कार्य हो ।

"जुध्नु र सिक्नु, सिक्नु र जुध्नु" महान अन्तर्राष्ट्रिय कम्युनिष्ट योद्धा ज्यामी दिमित्रोवको यी सारगर्भित शब्दहरूश्र मार्क्सवादी-लेनिनवादीहरूका लागि दृढ रूपमा पालन गर्नुपर्ने निर्देशन हुन् । शोषण, थिचोमिचो र अन्याय विरुद्ध जनताको मुक्ति, प्रगति तथा समृद्धिको लागि निरन्तर जुध्नु सबभन्दा महत्वपूण, सबभन्दा पवित्र र सबभन्दा गौरवशाली काम हो, र नजुधीकन शोषण र थिचोमिचोबाट मुक्ति कदापि मिल्दैन । तर प्रत्येक क्रान्तिकारी जोधाहाका लागि बुद्धि पुऱ्याएर र बौद्धिक हतियारले सुसज्जित भएर लड्ने कुरा पनि उत्तिकै आवश्यक र महत्वपूर्ण छ । मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचारधारा एउटा मात्र त्यस्तो बौद्धिक हतियार हो, जसले जनताको मुक्ति संघर्षमा विजयलाई सुनिश्चित पार्दछ । हामीले सिक्नुपरेको छ, जसले गर्दा हामीले शत्रुलाई पराजित गर्न सकौं र नयाँ, खुसी जीवनको निर्माण गर्न सकौं ।

आफ्नो सुप्रसिद्ध लेख व्यवहारबारेमा माओ त्सेतुङले सिद्धान्त र व्यवहारको सम्बन्धबारे निचोडको रूपमा भन्नुभएको छः "हाम्रो निष्कर्ष हो मनोगत र वस्तुगतको, सिद्धान्त र व्यवहारको, ज्ञान र ठोस कार्यको ऐतिहासिक एकता .......।"

प्रत्येक सच्चा मार्क्सवादी, लेनिनवादी सिद्धान्तनिष्ठ विचारक र व्यावहारिक योद्धाको एकात्मक रूप बन्नु पर्छ । सबै युगका महानतम मार्क्सवादीहरू, अर्थात मार्क्स, एन्जेल्स, लेनिन, स्टालिन र माओ न सिद्धान्तकार मात्र हुनुहुन्छ, न व्यवाहारिक योद्धा मात्र, बरु उहाँहरू सिद्धान्त र व्यवहारको एकताको प्रतीक हुनुहुन्छ । मार्क्सवादी-लेनिनवादीहरूले आफूलाई उहाँहरूको नमुनामा ढाल्न प्रयत्न गर्नु पर्दछ ।

## पश्चिमा...

छन् । २००८ देखि नै जब विश्वमा आर्थिक संकट देखापऱ्यो, त्यसबेला देखि नै यो घोषणा पात्र लगायत मार्क्सको अति प्रचलित पुस्तक दास क्यापिटल र ग्राण्ड राइजेज जसको अंग्रेजी रूपान्तरण राजनीतिक अर्थशास्त्रको आलोचना भनिएको त्यसको विक्री चुलिन पुग्यो । यसको विक्री बढ्नुमा बेलायती कामदारहरूको ऋण र रोजगारीका लागि भएको संघर्षको मुख्य भूमिका छ । संक्षिप्तमा भन्नुपर्दा आर्थिक मन्दीले धेरै पश्चिमा मतदाताहरूलाई निराश बनाएको छ । किनकि आर्थिक मन्दी आउनुको मुख्य कारण पश्चिमाद्वारा सञ्चालित पुँजीवादी बजार नै थियो । मार्क स्टिरस भन्ने न्यू इकोनोमिक फाउण्डेसनका कार्यकारी निर्देशकका अनुसार पुँजीवादको मुख्य समस्या भनेको नै यसले पुँजीवादले यो विषयलाई कहिल्यै महसुस गर्दैन । उनको भनाइ छ, "हामीले बुझेको पुँजीवादी व्यवस्था भनेकै वृहत अगणनीय, विश्वव्यापी बैंक तथा संस्थाहरूले दमित गरेको एउटा व्यवस्था हो । त्यसैले हो- पुँजीवाद यसको किनारातिर पुगेको छ । यसको लेख अनुसार पुँजीवादको अवस्थामा वास्तवमै सुधार र आधुनीकरणको खाँचो छ ।" टेलिग्राफ पत्रिकाको सेप्टेम्बर ५, २०१७ को लेख अनुसार "ब्रिटेनको पुँजीवाद भत्किएको छ र यसको सुधार तुरुन्त गरिनु पर्दछ । किनकि पुँजीवादले अहिलेका युवा पिढिलाई उनीहरूका बाआमा भन्दा नराम्रो स्थितिमा ल्याइपुऱ्याएको छ । फाइनान्सियल टाइम पत्रिकाको सेप्टेम्बर २०१७ को लेख अनुसार बेलायतको पुँजीवाद तलतिर झर्दैछ । संसारका अबका बालबालिकाहरू यस्तो संसारमा हुर्कदैछन्, जहाँ धनी र गरिब बीचको खाडल ठूलो रूपमा झन विकराल बन्दैछ । पहिलो पल्ट हेर्दा पुँजीवाद वास्तवमा नै राम्रो गरिरहेको जस्तो देखिन्छ । तर निहालेर हेर्दा यसको वास्तविक दृश्य कुरूप र डरलाग्दो छ । पुँजीवादले सामाजिक परिचालन गराउन र चाहिएकाहरूलाई आधारभूत रूपमा गर्नुपर्ने कल्याणहरू पनि गर्न नसकेको ज्वलन्त छ । बेलायतका ठूला व्यावसायका नेतृत्वहरूका अनुसार पुँजीवाद व्यवस्थापनको लोभ, जनताको कर र लगानीकर्ताको छोटो समयको फाइदाको कारण पनि असफल बन्दैछ । बेलायतका धेरै जनताले पुँजीवादका डरलाग्दा परिणामहरू जस्तो ज्यालामा गिरावट, महंगी र असुरक्षित रोजगार, अपांग राज्य, अपर्याप्त जनसेवा, न्यून वृद्धि, खराब उत्पादशिलता र निष्क्रय समुदाय आदि महसुस गरिरहेका छन् ।

बेलायतले २०१६ जुनमा इयु छाड्ने पक्षमा भोट गऱ्यो, जसलाई ब्रक्जिट नाम दिइएको छ । इयु छोड्ने र नछोड्ने पक्षमा थुप्रै राजनीतिक रस्साकस्सी चलिरहेको सन्दर्भमा इयुले छोड्ने वा नछोड्ने विषयमा बेलायतलाई स्पष्ट हुन दबाब दिइरहेको छ । अहिलेको वर्तमान परिस्थितिमा धेरै बेलायती जनताहरू समाजवादकै पक्षमा बोल्न प्रेरित भएका छन् । यूगब भन्ने एउटा अनलाइन मार्केट अनुसन्धान गर्ने संस्थाले २०१६ मा गरेको एउटा सर्वेक्षणले ३६ प्रतिशत जनताले समाजवादको पक्षमा र ३२ प्रतिशत जनताले यसको विपक्षमा मत जाहेर गरेका छन् । यसमा ब्रिटेन एक्लो छैन । एउटा नयाँ सर्वेक्षण जुन अमेरिकाको दैनिक अनलाइन पत्रिकाले नोभेम्भर २, २०१७ मा प्रकाशन गरेअनुसार ४० प्रतिशतभन्दा बढी अर्बपतिहरू पुँजीवादी व्यवस्थामा भन्दा समाजवादी व्यवस्थामै बस्न ठिक भन्ने निष्कर्षमा पुगेका छन् । यिनै खराबीका कारणले बेलायतका जनता सरकारलाई समाजवादी अर्थनीति बनाउन रेल यातायात लगायत अन्य संरचनाहरू पुनः राष्ट्रियकरण गर्दै धेरै कमाई गर्नेहरूलाई आर्थिक प्रतिबन्ध लागाउन प्रेरित गरिरहेका छन् । ८३ प्रतिशत ब्रिटेनका मतदाता पानीका कम्पनीहरू राष्ट्रियकरण गर्नुपर्ने, ७७ प्रतिशत जनता विद्युत र ग्यास कम्पनीहरू पुनः राष्ट्रियकरण गर्नुपर्ने र ७६ प्रतिशत जनता रेल यातायात राष्ट्रियकरण गर्नुपर्ने वकालत गर्दछन् । द गार्जियन भन्ने पत्रिकाको जनवरी २१ को लेखले विश्वको पहिलो औद्योगिक राष्ट्रलाई राजनीतिक सुधारहरू गर्न समाजवादी दृष्टिकोणको आवश्यकता महसुस गरेका छन् ।

*(प्रस्तुत सामग्री द ग्लोबल टाइम्सबाट टीकाप्रसाद भट्टराई 'कुमार'ले वर्गदृष्टिका लागि अनुवाद गर्नुभएको हो ।)*



फागुन ९ देखि फागुन १४ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# संघीयता खुर्पाको बिंड नबनोस्

**फागुन ९ गते ।** नेपालका ठूला भनाउने वाम पार्टीका नेताहरूलाई भविष्यको होइन, वर्तमानको बढी चिन्ता लागेको महसुस भैरहेको छ । त्यसैले जनताका सम्पूर्ण सपनाहरूलाई तिलाञ्जली दिएर सत्ता प्राप्तिको खेल खेल्दै दुई पार्टी (एमाले र माओवादी केन्द्र) बहुमतीय शिखरमा पुगेका छन् र निकट भविष्यमै सत्ताको शिखरमा पुग्ने तयारी गरिरहेका छन् । यिनीहरूले केही गर्न नसके पनि केही बिगार्ने पो हुन् कि भन्ने चिन्ता बौद्धिक सर्कलमा देखापरेको छ । सक्छन् भने केही गरुन् सक्तैनन् भने केही नबिगारुन् भनेर दिन बिताउनुभन्दा अर्को उपाय छैन ।

**फागुन १० गते ।** एमाले–माओवादी केन्द्र एक भएर सरकार चलाउने टुंगो लागिसकेको छ । यी दुई पार्टीलाई जनताले, 'कम्युनिष्ट भनेका यिनै हुन्' भनेर मतदान गरेपछि कसको के लाग्छ र ! सरकार गठन गरुन्, चलाउन र देशको मुहार फेरुन् यो नै शुभकामना छ तर यी पार्टीहरू कुन कस्ता हुन् यिनीहरूका मन्त्रीहरूको इतिहास जनताले जान्नैपर्छ किनभने इतिहासबिनाको रचना अपूरो हुन्छ ।

**फागुन ११ गते ।** प्रथमतः एमाले । यो पार्टीको स्थापना सही रूपमा २०१७ सालमा नै भएको हो । २०२२ र २५ सालमा दुईपटक पुनर्गठन भयो तर उद्देश्यअनुरूप काम नभएको भन्दै जिल्लामा रहेका नेताहरू केन्द्रको गतिहीनता र भुत्तेशैलीप्रति निराश थिए । २०२७ सालमा झापा जिल्ला कमिटीले आफ्नै केन्द्रीय कमिटीप्रति जेहाद छेड्यो । र, किसान आन्दोलनको नाममा केन्द्र र सरकारसँग जेहाद छेड्यो । भूमिगत शैलिका अनेक विद्रोहहरू भए । फलतः २०३५ सालमा माले गठन भयो, एमालेको मूलधार यही हो र यसलाई परिमार्जन गर्दै मदन भण्डारीले २०४९ सालमा भएको महाधिवेशनबाट 'बहुदलीय जनवाद' सिद्धान्तलाई अनुमोदन गराए । बीचबीचमा अनेक टुट र फुटको बज्रप्रहार सहनुपरे पनि यसैलाई अहिलेसम्म एमालेले राजनीतिक सिद्धान्त मान्दै आएको छ ।

**फागुन १२ गते ।** माओवादी केन्द्रको पनि इतिहास लामै छ । २०१९ वैशाखमा भएको पहिलो सम्मेलनमा मोहनविक्रम सिंहले संविधानसभा र गणतन्त्रको प्रस्ताव राखे । उनी चिनियाँशैलीको समर्थक थिए । सम्मेलनले उनको विचार पास गरेन । त्यसपछि उनले न्युक्लियस निर्माण गरी पार्टीलाई नयाँ तरिकाबाट अगाडि बढाए । उनकै अगुवाइमा २०३१ सालमा नेपाल कम्युनिष्ट पार्टीको चौथो महाधिवेशनको आयोजना गरियो, त्यतिबेला पञ्चायतको ठूलो चकचकी रहेकाले नेपालमा सम्भव नभएर भारतको पनि कुनै अज्ञातस्थानमा सम्मेलन गएिको थियो । त्यो पार्टीभित्र पनि भुत्तेशैलीको प्रक्रिया सुरु भयो भन्दै भित्रभित्रै गुम्सिएर रहेका नेताहरूले नेकपा (माओवादी) गठन गरेर २०५१ साल फागुन १ गतेबाट सशस्त्र बिद्रोहको शूरुआत गरेर २०६१ सामसम्म आउँदा नेपालमात्रै होइन विश्वलाई चकित बनाउने गरी युद्धलाई अगाडि बढारहेका थिए, एकाएक १२ बुँदे दिल्ली सम्झौताले युद्धलाई तुहाइ दियो ।

**फागुन १३ गते ।** त्यसभन्दा यताका क्रियाकलापहरूबाट जनमानस अनभिज्ञ छैन । सात पार्टीको सरकार बन्यो, मधेश आन्दोलन भयो, दुईदुईपटक संविधानसभाको निर्वाचन भयो र यो वर्ष मात्रै मुलुकले संघीयताको बाटो अवलम्बन गर्दै ३/३ वटा, स्थानीय, संघीयता र केन्द्रको निर्वाचन सम्पन्न भएको छ । यो कसैकसैले गराएको दावीभन्दा पनि नेपाली जनताको धैर्यता र सहनशीलताका कारण सम्पन्न हुन गएको मान्नु पर्छ । यो संघीयतालाई सदुपयोग गर्न सकियो भने नेपाली जनताका लागि श्रीखण्ड साबित हुन सक्छ, होइन भने खुर्पाको बिँड ।

**फागुन १४ गते ।** यतिलामो संघर्षपछि नेपालमा वाम टीका लगाएका एमाले–माओवादी केन्द्र एक भएका छन् । वाम भन्दैमा वामपन्थी बनिदैन । वामपन्थीको नाममा विश्वमा धेरै मानिसहरूले जनतालाई गुमराहका राखेका छन् । वामपन्थी हुनु भनेको र बुद्ध हुनु भनेको एकै हो, बुद्ध बन्न निकै धैर्यता चाहिन्छ । त्यो धैर्यता टुटेकै कारणले 'नेपालका सत्तालोलुप वामपन्थीहरूले सामन्तवाद समाप्त भयो । अब पुँजीवाद आइसक्यो भनेका हुन् । तर, नेपाली जनताको थाप्लामाथि आधा दर्जनभन्दा बढी सामन्तवादको हैकम रहेको छ, त्यो हैकमका वारेमा विस्तारमा लेख्दै जाउँला ।

## क्रान्तिकारी...

गरेको छ । तीन महिने संगठन सुदृढीकरण तथा जनपरिचालन अभियानमा रहेको क्रान्तिकारी माओवादीले सहिद तथा वेपत्ता योद्धा परिवारसँग भेटघाट अन्तर्क्रिया गर्ने कार्यक्रम तय गरेको छ ।

## गिरफ्तार...

प्रहरी हस्तक्षेप गरी नेता क. हेमन्त प्रकाश ओली, पद्म राईसहित दर्जनौं युवा कार्यकर्तालाई गिरफ्तार गरिएको छ । युवा मोर्चाको शान्तिपूर्ण रूपमा आयोजित सम्मेलनमा आफूलाई वाम तथा कम्युनिस्ट बताउने सरकारद्वारा गरिएको यस प्रकारको फासिवादी हस्तक्षेप, दमन तथा गिरफ्तारीको हाम्रो पार्टी कडा विरोध, निन्दा एवम् भर्त्सना गर्दछ । साथै, हाम्रो पार्टी गिरफ्तार गरिएका क. हेमन्त प्रकाश ओलीसहितका सम्पूर्ण नेता तथा युवा साथीहरूको अविलम्ब रिहाइका लागि सरकारसँग जोडदार माग गर्दछ ।'

गिरफ्तार गरिएका नेताहरूलाई सार्वजनिक अपराधको मुद्दा लगाएको विरोधका चौतर्फी विरोध भइरहेको छ । ओली सरकारको फासिवादी दमनका विरुद्ध सबै क्रान्तिकारी शक्ति र व्यक्तिहरू एकै ठाउँ उभिन पुगेका छन् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, वीरगंज, चपुर, निजगढ, रौतहट
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
गाईघाट सम्पर्क नम्बर
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिमर्ज वाहिरुला सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
टाटासुमो बोलेरो
काठमाडौं फोन
सिन्धुली फोन
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# ओली, सामाजिक फासिष्ट बन्न नखोज !



● हुकुमबहादुर सिंह

कम्युनिष्ट र वाम गठबन्धनको नाममा शासनसत्तामा पुगेका एमालेका प्रधानमन्त्री जो केही समयपछि एमाले र माकेको गठबन्धनमा सरकार बन्ने निश्चित प्रायः छ, उनी प्रधानमन्त्री भएको एक हप्ता पनि नबित्दै उनको भावी शासनसत्ता कस्तो हुनेछ भन्ने संकेत भरखरै नेकपामाथिको ठाडो प्रहरी हस्तक्षेपबाट देखिएको छ । यही २०७४ फागुन ६ गते नेकपाको भातृसंगठन युवा मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन कार्यक्रममाथि आफ्नो ठाडो निर्देशनमा ओलीले प्रहरी दमन गर्ने निर्देशन दिएर नेपाली जनतालाई उनको शासन कत्तिको फासीवादी हुनेछ संकेत दिएका छन् । विराटनगरको प्रहरी प्रशासन स्वयम् भन्दै छ- प्रधानमन्त्रीको ठाडो निर्देशनमा यो भएको हो र उताकै निर्देशनमा छाड्ने वा मुद्दा चलाइने छ ।

गत फागुन १ गते २३औं जनयुद्ध दिवसमा सम्बोधनको क्रममा नेकपा (माओवादी केन्द्र)बाट विद्रोह गरेका लोकेन्द्र विष्ट, गोपाल किराती र आहूतिले जोडदिँदै भनेका थिए- अबको नेपाली क्रान्तिमा आम देशभक्त तथा जनतन्त्रवादी शक्तिहरू पनि गोलबन्द हुनुहुनेछ किनभने ओली नेतृत्वको 'वामगठबन्धन' ले देशलाई अझ बढता विदेशी दलालहरूको इशारामा सञ्चालित गर्ने स्पष्ट देखिदै छ । नेकपा, जो भारतीय विस्तारवाद तथा विश्व साम्राज्यवादका विरुद्ध क्रान्तिको झण्डा उठाउने उद्देश्य राख्दछ, त्यसमाथि दमन भनेको आखिरमा माथि भनेझैं नेकपा एमाले र नेकपा माके दुवै दिल्लीको आशीर्वाद र यसको हैकमलाई तोड्न सक्ने छैनन् भन्ने स्पष्ट भएको छ । किनभने ओलीको यो दमनलाई माकेले मौन स्वीकृत दिएको छ, विरोधको एक शब्द पनि खर्च गर्न आवश्यक ठानेन ।

यो दमनबाट ओली नेतृत्वको सरकार सही मानेमा कम्युनिष्ट वा वाम होइन, यो त कम्युनिष्ट वा वामको नाममा घोर दक्षिणपन्थी सरकार बन्ने स्पष्ट संकेत देखिएको छ । ओलीको सन्की स्वभावका कारण उनको शासनको एक हप्तामै नेपाली जनताले नेपाल बन्दजस्तो अप्रिय कार्यक्रमको सामना गर्न बाध्य हुनु परेको छ । शान्ति, स्थायित्व, उन्नति र प्रगति भन्ने लोकप्रिय नारा बेचेर नेपाली जनताको मत ल्याउन सफल ओली अहिले उनको शासनको सुरुवातमै अशान्ति, अस्थिरता, भ्रष्टाचार र कुशासनको संकेत आएको छ । देशभक्ति र राष्ट्रवादको मुखुण्डोमा जनमत पाएका ओलीले प्रधानमन्त्री हुनुभन्दा अगाडि नै भारतीय विदेशमन्त्री सुषमा स्वराज र रअका एजेन्टसित गोप्य सम्झौता गरेको कुरा आमजनतालाई अवगत भएको छ । कम्युनिष्टको झण्डामुनी वाम गठबन्धनबाहेक बाँकी सबै कम्युनिष्ट क्रान्तिकारीहरूलाई सखाप पार्ने ओली–प्रचण्ड रणनीतिका योजनाकार भारतीय दलाल नोकरशाहहरूको योजना मुताविक काम गर्ने सुरुवातको संकेत नेकपामाथिको यो दमन हो भन्दा कुनै अत्युक्ति हुने छैन । यदि ओली इमान्दार भएको भए र नेपाली जनताप्रति जिम्मेवार भएको भए त मोदी र उनका दूतसित के गोप्य भएको थियो जनतालाई नढाटी सत्यतत्थ्य बाहिर ल्याउने साहस गर्नु पर्दथ्यो ।

ओलीको शासन कसरी फासीवादी बन्दैछ र त्यसलाई किन फासीवादी भन्ने त ? त्यसका लागि उनले अहिले सिरान हालेको नेपालको संविधान २०७२ नै काफी छ । जसमा शान्तिपूर्ण राजनीतिक कार्यक्रम गर्न पाउने, देशभर आवत-जावत गर्न पाउने र व्यक्तिगत स्वतन्त्रताको मौलिक हकलगायत संवैधानिक कानुनी एवम् आधारभूत मानव अधिकारसमेत माथि उनले ठाडो हस्तक्षेप गरेका छन् र त्यसको बर्खिलाप गर्दै उनले नेकपाको भातृसंगठनको सम्मेलनमाथि हस्तक्षेप गरेर उक्त सम्मेलनमात्रै हुन दिएनन् , उक्त सम्मेलनमा सम्बोधन गर्न आएका नेताहरू त्था सहभागी कार्यकर्ताहरूलाई गिरफ्तार समेत गर्ने आदेश दिएका छन् । के यो आफैमा एउटा सामाजिक फासिवादतर्फको संकेत होइन् ?

आशा गरौ ओली–प्रचण्डको सरकारले ज्ञानेन्द्रको सामन्ती लोकतन्त्र विरोधी मार्ग र नेपाली कांग्रेसको जस्तो भारतीय दलाली मार्ग अवलम्न गर्ने छैन् र उनीहरू र उनीहरूले पालन गर्ने भनेको लोकतन्त्रको मूल्य मान्यताभित्र रहेर विरोधी राजनीतिक दलहरूलाई निषेध गर्ने दुश्शाहस गर्ने छैनन् । देशभक्त र जनतन्त्रवादी राजनीतिक दलहरूको नेपालजस्तो देशमा दीर्घकालका लागि समेत कत्तिको आवश्यकता र महत्व रहन्छ उनीहरूले राम्ररी आत्मसाथ गर्ने छन् । र आफूलाई विदेशी दलाल हुनबाट बचाउने छन् । हुन त उनीहरूबाट यी चीजको आशा गर्नु वालुवाबाट तोरीको तेलको आशा गरेजस्तै हो । तै पनि क्रान्तिकारी कम्युनिष्ट भएको हिंग नभए पनि हिंग बाधेको टालो भएको दावी गर्न अझै उनीहरू छाडेका छैनन् ।

## जनसाँस्कृतिक महासंघको ३ नं. प्रदेश संयोजकमा गौरी दाहाल

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल जनसाँस्कृतिक महासंघ ३ नं. प्रदेश कमिटिको संयोजकमा गौरी दाहाल चुनिनुभएको छ । जनसाँस्कृतिककर्मीहरूको शुक्रबार सम्पन्न एक भेलाले दाहाललाई संयोजकमा चयन गरेको हो ।

कुपण्डोल स्थित क्रान्तिकारी माओवादीको प्रदेश कार्यालयमा सम्पन्न भेलाले सदस्यहरूमा उमाकान्त आचार्य, रविकिरण निर्जीव, रामलाल श्रेष्ठ, प्रतीक लामा, कुमार भट्टराई, शिला योगी, अमीट योञ्जन, श्रीकृष्ण सुलुलगायत रहेका छन् । भेलामा क्रान्तिकारी माओवादीका पिविएम तथा ३ नं. प्रदेश पार्टी सचिव दिनेश शर्मा 'सागर'को प्रमुख उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी ट्रेड युनियन महासंघको काठमाडौं जिल्ला समिति गठन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको काठमाडौं जिल्ला भेला आयोजक समिति गठन गरिएको छ । पार्टी कार्यालय बुद्धनगरमा शुक्रबार विभिन्न पेशागत संघका प्रतिनिधिहरूको भेलाले कुमार घतानीको संयोजकत्वमा १९ सदस्यीय जिल्ला भेला आयोजक समिति गठन गरेको हो । भेलाले दिनेश वर्तौलालाई उक्त समितिको सचिवमा चयन गरेको छ भने सदस्यहरूमा मोहनसिंह राई, तुलबहादुर राई, बैकुण्ठ घिमिरे, बुद्धिमान तामाङ, बुद्ध घले, धर्मराज दाहाल, विनोद श्रेष्ठ, उमेश लामा, नोदराज रुचाल, मीन श्रेष्ठलगायतलाई चयन गरेको छ । क्रान्तिकारी माओवादीका केस तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठ, महासंघका केन्द्रीय संयोजक इश्वर तिमिल्सिना, क्रान्तिकारी माओवादी काठमाडौं सचिव शारदा महतलगायतका नेताहरूको उपस्थिति रहेको उक्त भेलाको अध्यक्षता तथा सञ्चालन उद्धव गुरुङले गरेका थिए ।

## नयाँ...

भनेको के हो ? समाजवाद भनेको के हो ? समाजवाद कति प्रकारका छन् र नयाँ जनवादी क्रान्तिको चरण र समाजवादी क्रान्तिको चरण र नेतृत्वदायी शक्तिको किटान, वर्तमान नेपाली समाजको ठोस वर्ग विश्लेषण, महान् नेपाली क्रान्तिको विशिष्ट कार्यदिशा, नीति तथा कार्यक्रम, आगामी क्रान्तिका मोडेल र चरित्रका बारेमा व्यापक छलफल र बहस चलाउन अति जरुरी छ ।

विघटित एमाले र माकेले 'पुँजीवादी जनवादी क्रान्ति भइसक्यो । अब आर्थिक क्रान्ति मुख्य हो र मुलुकको समृद्धि गर्नु पर्दछ' भन्दै आएका छन् । 'समाजवादी अर्थव्यवस्था लागु गर्नुपर्छ' पनि भन्दै आएका छन् । दलाल पुँजीपतिवर्गको नेतृत्व गर्दै सरकारको नेतृत्व गर्न पनि पुगेका छन् । एमाले-माकेको विघटित तत्वले 'जनताको बहुदलीय जनवाद' लाई मार्गदर्शक सिद्धान्त बनाएको छ । जबजको दार्शनिक सिद्धान्त बहुलवाद हो । बहुलवाद द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिक वाद र एकतावादलाई अस्वीकार गर्दछ र संसदीय व्यवस्थालाई स्वीकार गर्दछ ।

संसदीय व्यवस्था भनेको संसदीय व्यवस्था पुँजीपति वर्ग र साम्राज्यवादीहरूको राज्य सञ्चालन गर्ने शासन प्रणालीको नाम हो । यसको जन्म सामन्तवादका विरुद्ध संघर्षको क्रममा भएको हो । सर्वप्रथम फ्रान्स र इंङल्याण्डका नवजात पुँजीपतिहरूले स्वतन्त्रता, समानता र भातृत्वको नारा लगाउँदै संसदीय व्यवस्थाको विजारोपण गरेका थिए ।

स्वतन्त्रता, समानता र भातृत्वको नारालाई केन्द्रविन्दु बनाई पश्चिमी युरोपका कैयौं देशहरूमा पुँजीवादसित प्रतिष्पर्धा गर्न नसकेपछि विश्वका धेरै देशहरूमा एकैसाथ सामन्तवादी राज्यव्यवस्था गर्ल्याम्गुर्लम ढल्न पुगेका थिए र ती देशहरूमा एकपछि अर्को गर्दै पुँजीवादी राज्य व्यवस्थाहरू खडा हुन पुगेका थिए ।

त्यो बेला सामन्तवर्गभन्दा पुँजीपतिवर्ग प्रगतिशीलवर्ग थियो र त्यसले अगाडि सारेको राजनीतिक प्रणाली अर्थात् संसदीय व्यवस्था पनि प्रगतिशील थियो । मध्ययुगीन सामन्तवादी राज्यव्यवस्थाका तुलनामा पुँजीवाद प्रगतिशील भए पनि जब पुँजीवादले चरम विकास गर्दै अगाडि बढ्यो र पुँजीवादकै गर्भबाट सर्वहारावर्गको पनि जन्म भयो, त्यसपछि पुँजीपतिवर्ग श्रमशक्तिको शोषणगरी बाँच्ने परजीवी वर्गको रूपमा देखा पर्‍यो र त्यसले सर्वहारावर्गमाथि पाशविक र क्रूर आक्रमण गर्दै अगाडि बढ्यो, त्यो पुँजीवाद साम्राज्यवादमा विकसित भयो । त्यसपछि साम्राज्यवादले आफ्नो देशका श्रमजीवीवर्गलाई मात्र होइन, अविकसित देशका जनताको शोषणका लागि पुँजी निर्यात एवम् खुला सैनिक आक्रमण र हस्तक्षेप गर्न पुग्यो ।

संसदीय व्यवस्था पुँजीपतिवर्गले प्रजातन्त्र र लोकतन्त्रको दुहाई दिएर कहिल्यै न थाक्ने तर 'मुखमा राम बगलीमा छुरा' भनेझैं एउटा हातमा प्रजातन्त्र, मानवाधिकार, लोकतन्त्रका नारा बोकेर हिंड्ने र अर्को हातमा बन्दुक बोकेर नरसंहार गर्दै हिंड्ने व्यवस्था हो ।

त्यसैले सामन्तवादी व्यवस्थालाई अन्त्य गरेर पुँजीवादी व्यवस्था लागु गर्ने क्रममा सुरुका दिनहरूमा संसदीय व्यवस्था ठीकै पनि थियो । तर जब पुँजीवाद एकाधिकार पुँजीवादमा रूपान्तरित भयो त्यसपछि संसदीय व्यवस्था प्रतिक्रियावादी व्यवस्थामा रूपान्तरित हुन पुग्यो ।

समाजवाद दुई प्रकारका हुन्छन् । एउटा समाजवाद पुँजीपतिवर्गको अधिनायकत्वसहितको समाजवाद पुँजीपतिवर्गलाई मालिक बनाइएको पुँजीवाद । अर्को हो सर्वहारावर्गको अधिनायकत्वसहितको समाजवाद श्रमजीवीवर्गलाई, मजदुरवर्गलाई मालिक बनाइएको समाजवाद । हाम्रो स्थापना गर्ने भनेको श्रमजीवी वर्गलाई मालिक बनाइने समाजवाद । यो समाजवाद नै वैज्ञानिक समाजवाद हो ।

अतः पुँजीवादी, प्रतिक्रियावादी संसदीय व्यवस्थालाई स्वीकार्ने र त्यसलाई बचाइ राख्ने संविधानसमेत बनाएर सरकारको नेतृत्वसमेत सम्हाल्न पुगेका एमाले माकेको मिश्रित तत्वले भन्ने गरेको समाजवाद त नेपाली कांग्रेसका संस्थापक नेता वी.पी.कोइरालाले भन्ने गरेको प्रजातान्त्रिक समाजवाद हो । सोभियत संघको विघटनपश्चात पूर्वी यूरोपका देशहरू जो सोसल डेमोक्रेटिक पार्टीमा परिणत भएपछि उनीहरूले अँगाल्न पुगेको समाजवादी नारा जस्तै मात्रै हो । यिनीहरूले भन्ने गरेको समाजवादको कुनै अर्थ छैन । यो शक्ति त अब सामाजिक फासीवादी बनेर अगाडि बढ्ने वाला छ ।

विप्लब नेतृत्वको नेकपाले भन्दै आएको समाजवादको बारेमा सबै कुरा यथार्थ कार्यक्रमका रूपमा भ्रष्ट रूपमा आएको छैन । त्यहाँ पनि अलमल नै छ । उसले पनि नयाँ जनवादलाई छोडिसकेको छ । दलाल पुँजीवाद बारेको व्यवस्था ठीकै छ । निगम पुँजीवादको विकास, निजीकरण र उदारीकरणसम्मको उसको व्यवस्था ठीकै छ । जहाँसम्म पुँजीवादी क्रान्ति भइसकेको सम्मको आभास आउने गरी नेपाली समाजको जुन वर्गविश्लेषण गरेको छ त्यो सारसंग्रहवादी टाइपको रहेको छ । किनकि दलाल पुँजीवाद त अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाको चारित्रिक विशेषता हो । पुँजीवादी व्यवस्थामा पुँजीवाद त एकाधिकार पुँजीवादमा रूपान्तरित भइसक्दछ । यस विषयमा उसको विश्लेषण पुगेको छैन । उपुरो देखिन्छ । साम्राज्यवादलाई हेर्ने दृष्टिकोणमा विप्लव नेतृत्वको नेकपाको त्रुटि रहेका छन् ।

जहाँ नेकपा (क्रान्तिकारी माओवादी) ले गरेको वर्तमान नेपाली समाजको वर्ग विश्लेषण छ, त्यो वस्तुवादी छ । देश अहिलेसम्म पनि अर्धसामन्ती र नवऔपनिवेसिक अवस्थामा रहेकाले यहाँ गरिने क्रान्ति नयाँ जनवादी क्रान्तिको कार्यक्रम समाज विकासको बारेमा मार्क्सले ऐतिहासिक भौतिकवादका आधारमा गरिएको विश्लेषण र व्याख्या बमोजिम पनि वस्तुवादी रहेको छ । र नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने जुन प्रतिबद्धता छ, त्यो पनि वस्तुवादी नै छ ।

अर्कोपक्ष भनेको नेपाली क्रान्तिको मोडेलको प्रश्न पनि छ । विश्वमा अहिलेसम्म रुसी मोडेल र चिनीयाँ मोडेल रहेका छन् । दशवर्षे सशस्त्र जनयुद्ध चिनीयाँ मोडेलको भएकाले त्यसमा हाम्रो प्रशस्त अनुभव छ । जहाँसम्म रुसी मोडेलको सशस्त्र जनविद्रोहको मोडेलको सवाल हो हामी पनि सशस्त्र जनविद्रोहकै तरिकाबाट नेपाली क्रान्ति सम्पन्न गर्ने संश्लेषणमा पुगेका छौं । तर रुसी मोडेलको ठाडो नक्कल गरेर होइन कि नेपालको विशिष्टतामा आधारित र दशवर्षे जनयुद्धलाई आधारमा राखेर गरिने सशस्त्र जनविद्रोहको मोडेललाई प्रयोग गर्ने विश्लेषण आजको सान्दर्भिकता बन्न पुगेको छ ।

यतिबेला नेपालका क्रान्तिकारी माओवादीहरूका सामु अवसर र चुनौतीहरू दुवै खडा हुन पुगेका छन् यसलाई सामना गर्न सक्नेगरी तयारी गर्न र शक्ति निर्माण गर्न जरुरी छ । किनकि महान् नेपाली क्रान्ति अवश्यंभावी छ । र नेपाली क्रान्तिको मैदान खाली छ ।

## माओवादी केन्द्र...

मार्क्सवादी कम्युनिष्टहरूको बीचको पार्टी एकता नभई नेपाली कांग्रेससँग संसदीय प्रतिस्पर्धा गर्न लायक पार्टी बनाउन गरिएको 'बुर्जुवा पार्टी एकता' नै हो । आजसम्मको नेपाली परिवर्तनको सर्वाधिक शक्तिशाली परिघटना 'जनयुद्ध'को शब्दसमेत उच्चारण नगरिएको आधार पत्रले इतिहासमाथि अन्याय मात्र गरेन, हजारौं सहिद, बेपत्ता र घाइते योद्धाहरूको अपमान गर्‍यो । पथप्रदर्शक सिद्धान्तबाट माओबाद हटाइनु र जनयुद्धको ऐतिहासिकता उल्लेख नगर्नुले यो पार्टी एकताभन्दा बढी माओवादी केन्द्रको एमालेमा बिलयीकरण हो ।'

नयाँ जनवादी क्रान्तिमार्फत् मुलुकमा नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने प्रमुख लक्ष्य बोकी दशवर्ष लामो भएको जनयुद्धको प्रचण्डले नेतृत्व गरेका थिए । जनयुद्ध रणनीतिक रक्षा, सन्तुलन हुँदै रणनीतिक प्रत्याक्रमणको दोस्रो योजनासम्म विजयी रूपमा अगाडि बढिरहेको अवस्थामा ०६२ मा मंसिरमा भारतको नयाँ दिल्लीमा गरिएको १२ बुँदे समझदारी र विस्तृत शान्तिसम्झौतामार्फत् जनयुद्धको विधिवत अन्त्यको घोषणा गरियो ।

०६१ मा सम्पन्न पार्टीको चुनवाङ बैठकबाट जनगणतन्त्रको ठाउँमा लोकतान्त्रिक गणतन्त्रको कार्यनीति लिन पुगेका प्रचण्ड-बाबुरामले जनयुद्धको अन्त्य गर्न र जनयुद्धका उपलब्धिका रूपमा रहेका जनमुक्ति सेना, आधार इलाका, जनसत्ताका अवयवहरूको समूल नष्ट गर्न समय लगाएनन् । हजारौंको बलिदान, लाखौको त्याग, पसिना र आँसुको रूपमा स्थापित माओवादी आन्दोलनलाई विघटित र बिसर्जित तुल्याउन उनीहरू यति तीव्र रूपमा लागिपरे कि शान्तिप्रक्रियाको दशवर्षमा जनयुद्धको ठूलो हिस्सालाई दक्षिणपन्थी संशोधनवादी तथा अवसरवादी हुँदै प्रतिक्रियावादमा पतन गराइछाडे ।

जनयुद्धको कालखण्डमा भारतदेखि अमेरिकासम्मको सहयोग र समर्थनमा तत्कालीन राज्यको सम्पूर्ण शक्ति खर्चिदा पनि पराजित गर्न नसकेको माओवादी शक्तिलाई एकथोपा रगत नबगाई नेतृत्वको महत्वकांक्षालाई प्रयोग गरेर शक्तिकेन्द्रहरूले रातारात धारासायी बनाइदिए । माओवादी आन्दोलनको एउटा हिस्साको यो अवसानसँगै जनयुद्धकै पहलकर्तादेखि जनयुद्ध लडेको क्रान्तिकारी हिस्सा अहिले मोहन वैद्य'किरण' नेतृत्वको क्रान्तिकारी माओवादी वरिपरि गोलबन्द हुने प्रक्रिया सुरु भएको छ । नेता किरणले छरिएर रहेका सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई एकीकरण र ध्रुवीकरण गरी फेरि नयाँ जनवादी क्रान्तिको तयारीलाई तीव्रता दिने उद्देश्यसहित त्यस दिशामा पहल लिइरहनु भएको क्रान्तिकारी माओवादी स्रोतले बताएको छ ।

प्राप्त समाचार अनुसार नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेकपा, ऋषि कट्टेल नेतृत्वको नेकपा, मोहनविक्रम सिंह नेतृत्वको नकपा (मसाल), माओवादी केन्द्रका विद्रोही नेताहरू लोकेन्द्र विष्ट, गोपाल किराती, विश्वभक्त दुलाल आहुती लगायत नयाँ जनवादी क्रान्तिका पक्षधरसँग पछिल्ला दिनमा तीव्र रूपमा भेटघाट छलफलहरू भइरहेका छन् । क्रान्तिकारी माओवादीले क्रान्तिका तीन जादुगरी हतियार क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनसेना निर्माण गरी क्रान्तिको तयारीलाई तीव्रता दिने नीति लिदै आएको छ । क्रान्तिकारी माओवादीको यो कदमलाई जनयुद्धका सहिद तथा वेपत्ता योद्धा परिवार, घाइते योद्धा र क्रान्तिका पक्षधर जनताले सकारात्मक रूपमा लिंदै आशाको नजरले हेरेका छन् ।

## स्थानीय...

गरेको स्थानीय निकाय संस्थागत रूपमै भ्रष्टाचारमा संलग्न भएका जानकारीहरू प्राप्त भइरहेको भन्दै स्थानीय जनप्रतिनिधिहरू आफै डोजर मालिक बन्ने होडमा भ्रष्टाचारलाई दिन दुई गुणा रात चौगुना बढाइरहेका गुनासा स्थानीय स्तरबाट प्राप्त भइरहेकोप्रति गम्भीर ध्यानाकषर्ण भएको जनाएको छ । अपिलमा भनिएको छ, "चुनावअघि स्थायित्व विकास र समृद्धिको मात्र होइन, सिंहदरबारको अधिकार गाउँगाउँमा पुर्‍याउने नारा लगाएका थिए । सिंहदरबारको अधिकार गाउँमा पुगे-नपुगेको यकिन नहुँदै भ्रष्टाचार भने गाउँगाउँमा पुगेको छ ।"

कर्णाली प्रदेशअन्तर्गतका स्थानीय निकायमार्फत् भइरहेका विकास निर्माणका बाटोघाटो, खानेपानी, शिक्षा, स्वास्थ्य भवन निर्माणलगायतका काममा व्यापक आर्थिक अनियमितता भइरहेको खबर प्राप्त भइरहेको सन्दर्भमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको भन्दै स्वच्छ प्रशासन, गुणात्मक विकास र आर्थिक समृद्धिको सपना देखाएर चुनाव जित्नेहरू आफ्नो पूर्व प्रतिबद्धता विपरीत जानु घोर अनैतिक एवं गैरकानुनी काम भएको दावी गरिएको छ । यस्ता गतिविधिको क्रान्तिकारी माओवादी कर्णाली प्रदेशले कडा शब्दमा निन्दा गर्दैसूक्ष्म रूपमा यस्ता काम कारबाहीको निगरानी गरिरहेको जनाएको छ ।

यता दाङ, काठमाडौं, बर्दिया, बाँके, चितवन लगायतका जिल्लाहरूमा पनि स्थानीय जनतामा मागहरूलाई समेटेर स्थानीय जनप्रतिनिधिहरूलाई माग पत्र पेश गरिएका छन् । जनताका जायज मागहरू पूरा गराउन जनसहभागितासहित दबाब आन्दोलनहरूको चरणबद्ध उठान गर्ने तयारीमा क्रान्तिकारी माओवादी जुटिरहेको पार्टी सम्बद्ध स्रोतले जनाएको छ ।

Gulf

गल्फ लुब्रिकेन्ट सधैं प्रयोग गरौं ।




प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाई, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : केशरमणि कटुवाल, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।